नेपाल सरकार

जनसंख्या तथा वातावरण मन्त्रालय

# वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र

## नविकरणीय उर्जा सम्बन्धि विशेष कार्यक्रमहरुको प्रवर्द्धनका लागि कार्य सञ्चालन तथा अनुदान परिचालन कार्यविधि, २०७३

कार्तिक २०७३

## नविकरणीय उर्जा सम्बन्धि विशेष कार्यक्रमहरुको प्रवर्द्धनका लागि कार्य सञ्चालन तथा अनुदान परिचालन कार्यविधि, २०७३

**प्रारम्भिक :**

नेपाल सरकारले नविकरणीय उर्जा प्रवर्द्धनका लागि नविकरणीय उर्जा सम्वन्धि विशेष कार्यक्रमहरु शिक्षाको लागि उज्यालो कार्यक्रम, सहलेश- लुम्विनी स्वच्छ ऊर्जा कार्यक्रम, शहरी सौर्य उर्जा कार्यक्रम, धार्मिक संस्थाहरुमा सौर्य ऊर्जा प्रणाली जडान कार्यक्रम, सौर्य सडक बत्ती कार्यक्रम, शहरी संस्थागत सौर्य ऊर्जा कार्यक्रम, कृषि सिंचाइका लागि सौर्य पम्प जडान कार्यक्रम, भुकम्प तथा दैवी प्रकोपवाट प्रभावित जनता तथा संस्थाको लागि राहत तथा पुनस्थापनाका कार्यक्रमहरु सञ्चालनमा ल्याएको छ । उक्त कार्यक्रमको लागि सेवाग्राहीलाई अनुदान दिनको लागि नेपाल सरकार, मन्त्रीपरिषद्बाट मिति २०७३/०२/०४ गते नवीकरणीय ऊर्जा अनुदान नीति २०७३ स्वीकृत भइसकेको छ । नीति गरिएको व्यवस्था अनुसार अनुदान प्रकृयालाई सरल,सहज एवं व्यवस्थित बनाउनको लागि उक्तको दफा १६.१ ले प्रदान गरेको अधिकार प्रयोग गरी जनसंख्या तथा वातावरण मन्त्रालयले यो कार्यविधि बनाएको छ ।

**१. नाम र प्रारम्भ** : (१) यो कार्यविधिको नाम : "नविकरणीय उर्जा सम्वन्धी विशेष कार्यक्रमहरुको प्रवर्द्धनका लागि कार्य सञ्चालन तथा अनुदान परिचालन कार्यविधि, २०७३" रहेको छ ।

(२) यो कार्यविधि मन्त्रालयवाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

**२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ,-**

(क)**"अनुदान नीति"** भन्नाले नवीकरणीय ऊर्जा अनुदान नीति, २०७३ सम्झनु पर्छ ।

(ख)**"अनुदान परिचालन कार्यविधि"** भन्नाले नविकरणीय उर्जा सम्बन्धी विशेष कार्यक्रमहरुको प्रवर्द्धनका लागि कार्य सञ्चालन तथा अनुदान परिचालन कार्यविधि, २०७३ सम्झनु पर्छ ।

(ग)**"मन्त्रालय"** भन्नाले जनसंख्या तथा वातावरण मन्त्रालय सम्झनु पर्छ ।

(घ)**"केन्द्र"** भन्नाले वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र सम्झनु पर्छ ।

(ङ)**"सम्बन्धित निकाय"** भन्नाले नेपाल सरकारको आधिकारिक निकाय वा नेपाल सरकारबाट मान्यता प्राप्त संस्था सम्झनु पर्छ ।

(च)**"कोष"** भन्नाले केन्द्रीय नवीकरणीय ऊर्जा कोष (CREF) सम्झनु पर्छ ।

(छ)**"बैंक"** भन्नाले कोष (CREF) अन्तर्गत छनौट भएका बैंकहरु लगायत नविकरणीय उर्जाको क्षेत्रमा लगानी गर्न इच्छुक नेपाल राष्ट्र बैंकवाट "क" वा "ख" वर्गमा मान्यता प्राप्त बैंक सम्झनु पर्छ ।

(ज)**"कार्यक्रम"** भन्नाले नेपाल सरकारले हरेक आर्थिक वर्षमा नविकरणीय उर्जा प्रवर्द्धनका लागि सञ्चालनमा ल्याइएका शिक्षाको लागि उज्यालो कार्यक्रम, सहलेश- लुम्बिनी स्वच्छ ऊर्जा कार्यक्रम, शहरी सौर्य उर्जा कार्यक्रम, धार्मिक संस्थाहरुमा सौर्य ऊर्जा प्रणाली जडान कार्यक्रम, सौर्य सडक बत्ती कार्यक्रम, शहरी संस्थागत सौर्य ऊर्जा कार्यक्रम, कृषि सिंचाइका लागि सौर्य पम्प जडान कार्यक्रम, भुकम्प तथा दैवी प्रकोपबाट प्रभावित जनता तथा संस्थाको लागि राहत तथा पुनस्थापनाका कार्यक्रमहरु लगायतका नविकरणीय उर्जा सम्बन्धी विशेष कार्यक्रमहरु तथा नेपाल सरकारले घोषणा गरेका अन्य विशेष कार्यक्रमहरुलाई सम्झनु पर्छ ।

(झ)**"कम्पनी"** भन्नाले कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भई वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रबाट प्रणाली जडानको लागि मान्यता प्राप्त गरेका निजी कम्पनीहरु सम्झनु पर्छ ।

(ञ)**"जि.वि.स. "** भन्नाले जिल्ला विकास समिति सम्झनु पर्छ ।

(ट) **"गा.वि.स. "** भन्नाले गाउँ विकास समितिसम्झनु पर्छ ।

(ठ) **"जि.वा.ऊ.ज.प.शा."** भन्नाले जिल्ला विकास समिति मातहतमा रहेको जिल्ला वातावरण ऊर्जा तथा जलवायु परिवर्तन शाखा सम्झनु पर्छ ।

(ड) **"नवीकरणीय ऊर्जा परीक्षण केन्द्र"** भन्नाले नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान अर्न्तगतको नवीकरणीय ऊर्जाको परीक्षण गर्ने संस्था सम्झनु पर्छ ।

जय देव जोशी

(ढ) **"सामुदायिक संस्था"** भन्नाले समुदायमा भएका घरधुरीहरूको साझा उद्देश्य प्राप्तिका लागि समान स्वामित्व तथा पहुँचका आधारमा गठित संस्था सम्झनु पर्छ।

(ण) **"उपभोक्ता समिति"** भन्नाले सामुदायिक संस्थाहरुका प्रतिनिधि सदस्यहरु मिलेर ऊर्जा आयोजनाको स्थापना एवं संचालनको लागि परस्पर लाभ एवं फाइदाको आधारमा गठन भई सम्वन्धित निकायमा दर्ता भएका संस्था सम्झनु पर्छ।

(त) **"लाभान्वितहरू"** भन्नाले प्रवर्द्धन गरिएको ग्रामीण तथा नवीकरणीय ऊर्जा प्रविधिहरूको प्रयोगकर्ताहरू सम्झनु पर्छ।

(थ) **"सार्वजनिक संस्थाहरू"** समुदायको परस्पर लाभ एवं फाइदाका लागि समान पहुँचको आधारमा संगठित संस्था सम्झनु पर्छ र सो शव्दले यस अन्तर्गत संस्थाहरु सरकारी विद्यालय, गाँउ विकास समिति, जिल्ला विकास समिति, स्वास्थ्य चौकी/केन्द्र, धार्मिक स्थलहरु, साँस्कृतिक तथा पुरातात्वीक संस्थाहरु, ट्रष्ट समेतलाई जनाउँछ।

(द) **"व्यवसायिक संस्थाहरू"** भन्नाले कानुन बमोजि दर्ता भएका नाफा कमाउने उद्देश्यले स्थापना गरिएका निजी संस्था सम्झनु पर्छ।

(ध) **"नेट मिटरिङ्ग"** भन्नाले घरयासी, संस्थागत र व्यवसायिक सौर्य प्रणाली वा कार्यक्रम अन्तर्गत जडान भएका सौर्य उर्जा प्रणालीबाट उत्पादन भएको विद्युत राष्ट्रिय प्रशारण लाईनमा प्रवाह हुने गरी जडान गरिएको यान्त्रिक अभिलेख प्रणाली सम्झनु पर्छ।

(न) **"ने.वि.प्रा."** भन्नाले नेपाल विद्युत प्राधिकरण सम्झनु पर्छ।

(प) **"खरिद ऐन."** भन्नाले सार्वजनिक खरिद ऐन, २०६३ सम्झनु पर्छ।

(फ) **"खरिद नियमावली"** भन्नाले सार्वजनिक खरिद नियमावली, २०६४ सम्झनु पर्छ।

३. **शहरी सौर्य ऊर्जा कार्यक्रम** : शहरी सौर्य ऊर्जा कार्यक्रमलाई देहाय बमोजिम वर्गीकरण गरिएको छ :-

क. घरायसी सौर्य ऊर्जा प्रणाली

ख. व्यावसायिक सौर्य ऊर्जा प्रणाली

(क) **घरायसी सौर्य ऊर्जा प्रणाली :** भन्नाले घरायसी प्रयोजनको लागि जडान गरिने २०० वाटपिक वा सो भन्दा माथि क्षमताका सौर्य विद्युत प्रणालीलाई जनाउछ। घरायसी सौर्य ऊर्जा प्रणालीलाई दुई प्रकारमा वर्गिकरण गरिएको छ :

(अ) **घरायसी सौर्य ऊर्जा प्रणाली प्रकार १** : यस प्रणालीमा जडान हुने सम्पूर्ण सामाग्री नयाँ हुनेछन्। सौर्य पाता, ब्याट्री, चार्ज कन्ट्रोलर, इन्भर्टर र अन्य जडान सामग्रीहरू तथा पानी तान्ने सौर्य पम्प, अन्य डि.सि. उपकरणहरु दिउँसोको समयमा सोझै सोलारबाट चलाउन सकिने भएमा बिना ब्याट्री र इन्भर्टर पनि जडान गरि प्रयोग गर्न सकिने छ।

(आ) **घरायसी सौर्य ऊर्जा प्रणाली प्रकार २ :** यो प्रणालीमा पहिले नै इन्भर्टर र ब्याट्री प्रयोग भइरहेको सेवाग्राहीको घरमा सौर्यपाता,चार्ज कन्ट्रोलर लगायतका जडान सामाग्री जडान गरिन्छ। जसले गर्दा सेवाग्राहीको माग अनुसार ब्याट्रीको चार्जिङ आंशिक अथवा पूर्ण रुपमा सौर्य पाताले प्रतिस्थापन गर्नेछ।

(ख) **व्यावसायिक सौर्य उर्जा प्रणाली:** व्यवसायिक प्रयोजनको लागि खासगरि विद्यालय, अस्पताल, कम्पनी, उद्योग, कारखाना, व्यावसायिक भवन तथा निजी कार्यालय आदिमा जडान गरिने १.५ किलो वाटपिक वा सो भन्दा बढी क्षमताका सौर्य प्रणालीहरुलाई जनाउनेछ।

त्यसैगरि उपभोक्ताहरु आपसमा मिलेर उपभोक्ता समिति , टोल विकास समिति, टोल सुधार समिति तथा उपभोक्ता मञ्च मार्फत कुनै पायक पर्ने स्थानमा सोलार मिनिग्रीड समेत बनाउन सक्नेछन् र यसको हकमा प्रत्येक घरको लागि घरायसी प्रयोजनको लागि जडान गरिने २०० वाटपिक बराबरको अनुदान एकमुष्ट रुपमा सोलार मिनिग्रीडको लागि समेत उपलब्ध हुनेछ र त्यस्ता घरहरु पुन: घरायसी प्रयोजनको लागि छुट्टै अनुदान लिन योग्य हुने छैनन्।

जय देव जोशी

**३.१. अनुदान प्राप्त गर्नका लागि न्यूनतम योग्यता:** शहरी सौय ऊर्जा कार्यक्रम अन्तरगत अनुदान प्राप्त गर्न देहाय बमोजिमको योग्यता पुरा भएको हुनुपर्नेछ :-

क) सेवाग्राही नेपाली नागरिक हुनुपर्ने,

ख) ने.वि.प्रा.बाट विद्युत सेवा लिएको हुनुपर्ने,

ग) घरेलु प्रणालीको लागि आफ्नै घर हुनुपर्ने, (घरधनी अनुदान पाउनको लागि योग्य हुनेछन् )

घ) व्यावसायिक प्रणालीको लागि सेवाग्राही स्वयंको व्यवसाय हुनुपर्नेछ । यदि भाडामा बसेको व्यक्ति तथा व्यवसायीले प्रणाली राख्न चाहेमा घरधनी सँगको सम्झौता, घरधनीको विद्युतको महसुल तिरेको बिलको प्रतिलिपि र बसाईसराइ गर्नुपर्दा अनुदानमा लिएको सौर्य प्रणालीको जानकारी सम्बन्धि शर्तपत्रमा अनिवार्य हस्ताक्षर गरेको हुनुपर्नेछ ।

ङ) यस भन्दा अगाडि नै सौर्य ऊर्जा प्रणाली जडान गरेको तथा अनुदान प्राप्त नगरेको हुनु पर्ने ।

**३.१.१.अनुदान वितरण प्रक्रिया :** शहरी शौर्य ऊर्जा कार्यक्रम अन्तरगतको अनुदान वितरण प्रकृया देहाय बमोजिम हुनेछ :-

क) सेवाग्राहीले आफू नजिकमा रहेका केन्द्रले मान्यता दिएको कम्पनीसँग सम्पर्क गरी आफ्नो आवश्यकता अनुसारको प्रणालीको डिजाइन र लागत अनुमान गरी प्रणालीको वारेन्टी/ग्यारेन्टी तथा बिक्री पछिको सेवा र अवस्थाको बारेमा जानकारी लिई कम्पनीसँग जडानको लागि सम्झौतामा हस्ताक्षर गर्न सक्नेछन् ।

ख) सरल कर्जा लिन चाहने सेवाग्राहीले बैंकसँग सम्पर्क राख्नुपर्ने छ र वैंकसँग मासिक किस्ताबन्दी र ऋण चुक्ता सम्बन्धी सम्झौता गर्नुपर्नेछ । यस्तो प्रणालीको जडान बैंकबाट ऋण स्वीकृत पश्चात मात्र हुनेछ ।

ग) कम्पनीले सेवाग्राहीले पाउने अनुदानको लागि आवश्यक कागजातहरू सहित केन्द्रमा निर्धारित अनुदान आवेदन फारम भर्नुपर्नेछ र कम्पनीहरुले केन्द्रले निर्धारण गरेको सफ्टवेयर प्रयोग गरी आवेदन फारम र तथ्याङ्कहरुको विद्युतीय प्रति सम्वन्धित व्यवसायिक संघसँग समन्वय गरि केन्द्रलाई उपलब्ध गराउनु पर्नेछ । सेवाग्राहीले अनुदानको लागि आवेदन फारम साथ देहाय बमोजिमका कागजातहरु संलग्न गरी बुझाउनु पर्नेछ :-

१) सेवाग्राहीको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
२) बिल एवं कर बिजकको प्रतिलिपि,
३) विद्युत महसुल तिरेको बिलको प्रतिलिपि,
४) घरधनी वा नजिकको नाता पर्ने व्यक्ति र प्रणालीको स्पष्ट देखिने गरि खिचिएको फोटो र व्याट्रि र चार्जकन्ट्रोलरको फोटो,
५) विक्रि पछिको सेवा प्रदान गर्ने सम्झौता पत्रको र वारेन्टी/ग्यारेन्टीको प्रतिलिपि,
६) आफ्नो बैंकमा रहेको चेकको प्रतिलिपि (खाता नं र नामको शुद्धताको लागि), र
७) व्यावसायिक सौर्य प्रणालीको हकमा कम्पनीले भ्याट/प्यानको प्रतिलिपी ।

घ) केन्द्रमा आवेदन फारम प्राप्त भएपछि अनुदान रकम स्वीकृतका लागि पूरा गर्नुपर्ने आधार शर्त एवं कागजातहरु आदि जाँच गरी उपयुक्त देखिएमा केन्द्रबाट सम्बन्धित सेवाग्राहीको बैंकखातामा नै अनुदान रकम भुक्तानी गरिनेछ ।

**३.१.२ सरल कर्जाको लागि प्रक्रिया :** अनुदान अन्तरगतको सरल कर्जाको प्रकृया देहाय बमोजिम हुनेछ :-

क) सरल कर्जा प्राप्त गर्न घरायसी प्रणालीको हकमा ५०० वाटपिट सो भन्दा माथि क्षमता देखि माथि र व्यावसायिक प्रणालीको हकमा १५०० वाटपीक क्षमता देखि माथिको हुनुपर्नेछ । घरायसी सौर्य ऊर्जा प्रणालीको क्षमता १५०० वाटपीक भन्दा माथि जडान भएमा त्यस्ता प्रणालीहरुलाई व्यवसायिक सरह ब्याज अनुदान ५०% मात्र पाउने छन ।

ख) सेवाग्राहीहरूले कम्पनीसँग प्रस्ताव(दरभाउ पत्र) लिई बैंकमा सरल कर्जाको लागि आवेदन दिनु पर्नेछ ।

जोशी

ग) बैंकले कम्पनीको प्रस्ताव (दरभाउ पत्र) र अन्य आवश्यक प्रमाणहरुको सम्वन्धमा निवेदन प्राप्त भएको बढीमा एक हप्ता भित्र जाँचबुझ सम्पन्न गर्नुपर्नेछ ।

घ) बैंकले मूल्याङ्कन पश्चात् सरल कर्जा स्वीकृत गर्नेछ । खरिद आदेश जारी गरिसकेपछि सेवाग्राहीले कम्पनी परिर्वतन गर्नसक्ने छैनन् । र कम्पनीले जडान कार्य बढीमा १५ दिन भित्र सम्पन्न गरि जडान सम्पन्न प्रतिवेदन बैंकमा बुझाउनु पर्नेछ ।

ङ) बैंकले सेवाग्राहीबाट जडान सम्पन्न प्रतिवेदन प्राप्त गरेपछि, सेवाग्राही वा जडान गर्ने कम्पनीलाई सरल कर्जा बढीमा एक हप्ता भित्र भुक्तानी गर्नुपर्नेछ ।

च) बैंकले उपभोक्तालाई प्रवाह गरेको कर्जामा यस केन्द्रले तोकेको ब्याजदर भन्दा बढी हुने गरी ब्याजदर कायम गर्न तथा अन्य कुनै प्रकारको सेवा शुल्क लगाउन सकिने छैन ।

छ) बैंकले नियमित रुपमा सेवाग्राहीबाट मासिक किस्ताबन्दी र केन्द्रबाट पाउने ब्याजको अनुदान रकम संकलन गर्नेछ । घरायसी सौर्य ऊर्जा प्रणालीको हकमा बढीमा पाँच वर्ष अवधि कायम हुनेछ र व्यवसायिक सौर्य ऊर्जा प्रणालीको हकमा सम्वन्धित बैंक र सेवाग्राही बिच सम्झौता गरी ऋण चुक्ता गर्ने अवधि कायम गर्न सक्नेछ ।

ज) केन्द्रले निर्धारण गरे अनुसार (मासिक/त्रैमासिक) रुपमा बैंकले नियमित प्रतिवेदन पेश गर्नुपर्नेछ । केन्द्रले निर्धारण गरेको सफ्टवेयर प्रयोग गरी बैंकले समेत डाटा इन्ट्री गर्नुपर्नेछ ।

३.१.३ **ब्याज संकलन प्रकिया:** घरायसी प्रणालीको हकमा सेवाग्राहीको तर्फबाट केन्द्रले ७५% ब्याज रकम बैंकलाई भुक्तानी गर्नेछ र बाँकी २५% सेवाग्राहीले भुक्तानी गर्नुपर्नेछ । व्यवसायिक प्रणालीको हकमा सेवाग्राहीको तर्फबाट केन्द्रले ५०% ब्याज बैंकलाई भुक्तानी गर्नेछ र बाँकी ५०% सेवाग्राहीले भुक्तानी गर्नुपर्नेछ । बैंकले पेश गरेको व्यापार योजनाको आधार अनुसार केन्दले एउटा खाता सञ्चालन गरि ब्याज अनुदान रकम जम्मा गर्नेछ । ब्याज संकलन गर्ने अन्य प्रकृया देहाय बमोजिम हुनेछ :-

क) महिनाको अन्तमा सेवाग्राहीले उपलव्ध गराउनुपर्ने ब्याज भुक्तानी गरे पछि मात्र बैंकले केन्द्रले उपलव्ध गराउनुपर्ने ब्याजको (७५% वा ५०%) अनुदान रकम केन्द्रले सञ्चालन गरेको खाताबाट झिक्नेछ अथवा केन्द्रले उपलव्ध गराउनुपर्ने ब्याज दरको अनुदान रकम बैंकले एकमुष्ट कर्जा अवधिको लागि सेवाग्राहीको कर्जा प्रवाह हुने खातामा स्थानान्तरण गरी महिनाको अन्तमा मासिक किस्ता झिक्नेछ र उक्त अनुदान रकम सेवग्राहीबाट प्रयोग गर्न सकिने छैन ।

ख) सेवाग्राहीले मासिक किस्ता र ब्याज चुक्ता तालिकाको पालना नगरेमा बैंक र केन्द्रले निजको विद्युत आपूर्ति काट्नको लागि नेपाल विद्युत प्राधिकरणमा सिफारिस गर्न सक्नेछन् ।

ग) यस कार्यक्रम बमोजिम हुने लगानी र सो लगानीको असुल उपर सम्वन्धी कार्यमा बैंकहरु पूर्ण रुपमा जिम्मेवार र जवाफदेही हुनेछन् ।

घ) बैंकबाट प्रवाह हुने कर्जा र सोको ब्याज सम्वन्धी हरहिसाव फरफारक सम्वन्धमा कुनै पनि समयमा केन्द्रले कुनै तेस्रो पक्षबाट अनुगमन तथा जाँच गराउन सक्नेछ ।

३.१.४ **प्रणालीमा जडान हुने उपकरण तथा सामाग्रीको वारेण्टी सम्वन्धी व्यवस्था:** यस कार्यविधि बमोजिम प्रणालीमा प्रयोग हुने उपकरण तथा सामाग्रीहरुको वारेण्टी अवधि कम्तीमा नेपाल फोटोभोल्टाइक गुणस्तर सुनिश्चितता मापदण्ड, २०७१ (नेप्का २०१५) अनुसार हुनुपर्नेछ ।

३.१.५ **गुणस्तर निर्धारण तथा अनुदानको लागि पुरा गर्नुपर्ने शर्त सम्वन्धी व्यवस्था** : गुणस्तर निर्धारण तथा अनुदानको लागि पुरा गर्नुपर्ने शर्त सम्वन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :-

क) कार्यक्रममा प्रयोग हुने प्रणालीका उपकरणहरु नेपाल फोटोभोल्टाइक गुणस्तर सुनिश्चितता मापदण्ड, २०७१ (नेप्का २०१५) अनुसार परीक्षण केन्द्रबाट प्रमाणित भएको हुनु पर्नेछ । यो मापदण्ड केन्द्रले समयानुसार सरोकारवालाहरुसँग समन्वय गरि परिमार्जन तथा संशोधन गर्न सक्नेछ । तर उपभोक्ताले प्रयोग गरिसकेका इन्र्भटर र ब्याट्रीको लागि भने यो प्रावधान लागू हुनेछैन ।

ख) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्बाट सौर्य/विद्युत प्राविधिक तह दुई उत्तिर्ण गरेका वा ईलेक्ट्रोनिक्स, ईलेक्ट्रिकल तथा मेकानिकल विषयमा प्रमाणपत्र तह हासिल गरेका वा सो भन्दा माथिको योग्यता हासिल गरेका प्राविधिकहरुले मात्र प्रणाली जडान गरेको हुनु पर्नेछ ।

ग) जडान भइसकेको प्रणालीको गुणस्तर सुनिश्चित गर्न केन्द्रले गुणस्तरसंग सम्बन्धित सरोकारवालाहरु संग समन्वय गरी कुनै पनि समयमा जडान भइसकेका प्रणालीको नमूना प्राविधिक परिक्षण (Random Sample Test) गर्न सक्नेछ र उक्त प्रणाली तोकिएको मापदण्ड अनुसार नपाइएमा, प्राविधिक समस्या देखिएमा उक्त प्राविधिक समस्याको समाधान गर्न तथा विक्रि पछिको सेवा दिन हेलचेक्राइ गरेको पाइएमा त्यस्ता कम्पनीहरु माथि नियमानुसार कारबाही हुनेछ ।

घ) घरेलु प्रणालीमा सौर्य पाता र ब्याट्री बीच (१ : (०.३ -१)) अनुपात हुनुपर्नेछ । यो अनुपात अन्य कार्यक्रममा भने लागु हुने छैन ।

ङ.) कम्पनीहरुले जडान गरेका प्रणालीहरुमा जडान मितिबाट दुई वर्षसम्म निःशुल्क तथा दुई वर्ष पश्चात सःशुल्क मर्मत सम्भार सेवा प्रदान गर्नु पर्नेछ ।

च) कार्यक्रममा प्रयोग हुने प्रणालीहरुबाट वातावरण प्रदुषण हुन नदिन विद्यमान वातावरण संरक्षण ऐन र नियमावलीले तोके बमोजिमका मापदण्ड, नियमहरुको पालना सम्बन्धित व्यवसायी, कम्पनी र उपभोक्ताहरुले गर्नु पर्नेछ ।

छ) सेवाग्राहीले आफ्नो घर तथा व्यवसायमा जडान भइसकेको सौर्य प्रणालीमा कुनै प्राविधिक समस्या आएमा तुरुन्त सम्बन्धित जडान गरेको कम्पनीलाई खबर गरि समस्या समाधान गर्नुपर्नेछ । सौर्य प्रणालीमा केही गुनासो भएमा यसको लागि केन्द्रले निशुल्क टोल फि नम्वरको व्यवस्था गर्नेछ र सेवाग्राहीले उक्त नम्वरमा फोन गरि आफ्नो समस्या टिपाउन सक्नेछन् र केन्द्रले सम्बन्धित कम्पनीलाई खबर गरेको बढीमा दश दिन भित्र कम्पनीले उपभोक्ताको घरमा पुगि समस्या समाधान गर्नुपर्नेछ । सो अनुसारको समस्या समाधान तथा मर्मत संभार नगर्ने कम्पनीहरु माथि नियमानुसार कारबाही गर्न सकिनेछ ।

३.१.६ **नेट मिटरिङ्ग प्रविधि जडान सम्बन्धि व्यवस्था** : यस कार्यक्रम अन्तर्गत जडान गरिने प्रणालीहरुमा नेट मिटरिङ प्रविधि जडान गर्न सकिनेछ । सौर्य उर्जा प्रणालीबाट उत्पादन भएका विद्यूत सम्बन्धित उपभोक्तालाई बढि हुन गएमा राष्ट्रिय विद्युत प्रसारण लाइनमा जणान गरी नेट मिटरिङ प्रविधिबाट नेपाल विद्यूत प्राधिकरणलाई विक्री गर्न सकिनेछ । नेट मिटरिङ प्रविधि जडान गर्ने र विद्युत खरिद विक्रिको मूल्य निर्धारण गर्ने सम्बन्धी व्यवस्था केन्द्र र नेपाल विद्युत प्राधिकरण बिच सम्पन्न भएका सम्झौता वमोजिम हुनेछ ।

## ४. धार्मिक संस्थाहरुका लागि सौर्य ऊर्जा कार्यक्रम

४.१ **अनुदान प्राप्त गर्नका लागि न्यूनतम योग्यता** : धार्मिक संस्थाहरुका लागि सौर्य ऊर्जा कार्यक्रम अन्तरगत अनुदान प्राप्त गर्नको लागि देहाय बमोजिमको योग्यता पुरा भएको हुनुपर्नेछ :-

क) धार्मिक स्थल सार्वजनिक संस्था हुनुपर्ने,

ख) धार्मिक स्थलले अनुदान बाहेकको रकम व्यहोर्ने प्रतिबद्धता पत्र उपलब्ध गराउनुपर्ने,

ग) धार्मिक स्थलले स्थानीय निकायको सिफारिस पेश गर्नुपर्ने, र

घ) धार्मिक स्थलको आफ्नै भौतिक संरचना हुनुपर्ने ।

४.२ **अनुदान वितरण प्रक्रिया:** धार्मिक संस्थाहरुका लागि सौर्य ऊर्जा कार्यक्रम अन्तरगत अनुदान वितरण प्रकृया देहाय बमोजिम हुनेछ :-

क) केन्द्रले प्रत्येक वर्ष राष्ट्रिय दैनिक समाचारपत्र, टेलिभिजन, रेडियो/ एफ. एमहरू वा अन्य माध्यमहरूद्धारा आवेदनको आह्वान गर्नेछ ।

ख) केन्द्रले निश्चित मापदण्ड बनाई धार्मिक स्थलहरू छनौट गर्नेछ र छनौट गरिएका धार्मिक स्थलहरूको सूची प्रकाशन गर्नेछ ।

ग) छनौट भएका धार्मिक स्थलहरूले केन्द्रले मान्यता दिएका कम्पनीहरुबाट एक कम्पनी छनौट गर्न सक्नेछन् ।

(घ) छनौट भएका कम्पनीले आवश्यक्ता अनुसार सम्वन्धित व्यवसायिक संगठनसँग समन्वय गरी गरी प्रणाली जडान गर्नु पर्नेछ ।

ङ) कम्पनीले जडान गरे पश्चात केन्द्रले निर्धारण गरे अनुसारको अनुदान आवेदन फारमको साथ आवश्यक कागजात पेश गर्नुपर्नेछ । त्यसमा धार्मिक भवन देखिने फोटो र जडान गरिएको प्रणालीको स्पष्ट फोटो, ब्याट्रि र चार्जकन्ट्रोलरको फोटो, धार्मिक स्थललाई जारी गरिएको विल/विजकको

प्रतिलिपीसंलग्न,विक्रि पछिको सेवा प्रदान गर्ने सम्झौता पत्रको र वारेन्टी/ग्यारेन्टीको प्रतिलिपि संलग्न गरिएको हुनुपर्नेछ ।

च) केन्द्रमा आवेदान फारम प्राप्त भएपछि अनुदान रकम स्वीकृतका लागि पूरा गर्नुपर्ने आधार शर्त एवं कागजातहरु आदि जाँच गरी उपयुक्त देखिएमा अनुदान रकमको नव्वे प्रतिशत भुक्तानीको लागि आवेदन फारम प्राप्त भएको एक महिना भित्र सिफारिश गरिनेछ ।

छ) बाँकी रहेको दश प्रतिशत अनुदान रकम प्रणाली जडान भएको एक वर्ष पछि केन्द्रले स्थलगत अनुगमन गर्दा सम्बन्धित कम्पनीले विक्रि पछिको सेवा उपलब्ध गराएको प्रणाली दुरुस्त रहेको र सेवाग्राही सन्तुष्ट रहेको पाइएमा विक्रि पछिको सेवा उपलब्ध गराउने समय सकिएको एक वर्षभित्र भुक्तानी दिइनेछ ।

**५.सौर्य सडक बत्ती कार्यक्रम**

**५.१ <u>अनुदान प्राप्त गर्नका लागि न्यूनतम योग्यता</u>** : सौर्य सडक बत्ती कार्यक्रम अन्तरगत अनुदान प्राप्त गर्नको लागि देहाय बमोजिमको योग्यता पुरा भएको हुनुपर्नेछ :-

क) महानगरपालिका/उपमहानगरपालिका, नगरपालिका तथा नगरोन्मुख गा. वि. स.हरुले केन्द्रबाट प्राप्त हुने अनुदान रकम बाहेकको रकम अन्यत्र स्रोतबाट योगदान हुने प्रतिबद्धता बुझाउनु पर्नेछ ।

ख) सम्बन्धित स्थानीय निकायको सिफारिस ।

ग) पूर्वसम्भाव्यता अध्ययन फारम भरी बुझाउनु पर्नेछ ।

**५.२ <u>अनुदान वितरण प्रक्रिया</u>** : सौर्य सडक बत्ती कार्यक्रमको अनुदान वितरण प्रकृया देहाय बमोजिम हुनेछ :-

क) केन्द्रले प्रत्येक वर्ष राष्ट्रिय दैनिक समचार पत्रिका, टेलिभिजन, रेडियो/एफ. एमहरू वा अन्य माध्यमहरूद्वारा आवेदनको आह्वान गर्नेछ ।

ख) तोकिएको मापदण्डको आधारमा केन्द्रद्वारा छनौट गरिएका महानगरपालिका/उप-महानगरपालिका/नगरपालिका/गा.वि.स.को सूची तयार गरि छनौट गरिनेछ ।

ग) छनौट गरिएका महानगरपालिका/उप-महानगरपालिका/नगरपालिका/गा.वि.स.को समूह तयार गरि कार्यस्थलहरूको विस्तृत सम्भाव्यता अध्ययन स्वतन्त्र परामर्शदाता वा केन्द्र आफैले संचालन गर्न सक्नेछ ।

घ) विस्तृत सम्भाब्यता अध्ययन प्रतिवेदनमा आधारित रहेर केन्द्रले महानगरपालिका/उप-महानगरपालिका/नगरपालिका/गा.वि.स.सँग दुई पक्षीय सम्झौता गर्नेछ ।

ङ) महानगरपालिका/उप-महानगरपालिका/नगरपालिका/गा.वि.स.ले प्रणाली खरिद गर्दा खरिद ऐन, खरिद नियमावली तथा अन्य स्वीकृत नियमानुसारको प्रकृया अननाउनु पर्नेछ ।

च) केन्द्रले महानगरपालिका/उप-महानगरपालिका/नगरपालिका/गा.वि.स.लाई आवश्यक प्राविधिक सहायता प्रदान गर्न सक्नेछ ।

छ) महानगरपालिका/उप-महानगरपालिका/नगरपालिका/गा.वि.स.ले प्राविधिक तथा आर्थिक मूल्याङ्कन पछि जडानकर्ता कम्पनी छनौट गरि उक्त कम्पनीसँग सम्झौता गर्नुपर्नेछ ।

ज) छनौट गरिएको कम्पनीले जडान सम्पन गरि सम्पन्न प्रतिवेदन सम्बन्धित महानगरपालिका/उप-महानगरपालिका/नगरपालिका/गा.वि.स.मा पेश गर्नु पर्नेछ र सोको एक प्रति सुझाव सहित केन्द्रमा पेश गर्नुपर्नेछ ।

झ) केन्द्रमा जडान सम्पन्न प्रतिवेदन प्राप्त भए पश्चात केन्द्रले सोको जाँच तथा हस्तान्तरणको लागि प्राविधिक टोली पठाउनु पर्नेछ ।

ञ) हस्तान्तरण तथा जाँच प्रतिवेदनको आधारमा सम्बन्धित महानगरपालिका/नगरपालिका/गा.वि.स.र केन्द्रले आ-आफ्नो भुक्तानीको अंश दुई पक्षीय सम्झौता बमोजिम जडानकर्ता कम्पनीलाई दिइनेछ ।

ट) केन्द्रमा जाँच प्रतिवेदन प्राप्त भएपछि अनुदान रकम स्वीकृतका लागि पूरा गर्नुपर्ने आधार शर्त एवं कागजातहरु आदि जाँच गरी उपयुक्त देखिएमा अनुदान रकमको १००% भुक्तानी गरिनेछ ।

जय देव जोशी

६. **शहरी संस्थागत सौर्य ऊर्जा कार्यक्रम**

६.१ **अनुदान प्राप्त गर्नका लागि न्यूनतम योग्यता** : शहरी संस्थागत सौर्य ऊर्जा कार्यक्रम अन्तरगत केन्द्रबाट अनुदान प्राप्त गर्नको लागि देहाय बमोजिम योग्यता पुरा गरेको हुनुपर्नेछ :-

क) सार्वजनिक शैक्षिक संस्था, सार्वजनिक स्वास्थ्य संस्था, सामुदायिक अस्पतालहरू हुनुपर्ने,
ख) आवेदकले नेपाल विद्युत प्राधिकरणबाट विद्युत सेवा लिएको हुनुपर्ने,
ग) निवेदक संस्थाहरूले अनुदान बाहेक बाँकी रकम व्यहोर्ने प्रतिबद्धता पत्र उपलब्ध गराउनुपर्ने, र
घ) सम्बन्धित स्थानीय निकायको सिफारिसको साथ निवेदन दिनुपर्ने ।

६.२ **अनुदान वितरण प्रक्रिया** : शहरी संस्थागत सौर्य ऊर्जा कार्यक्रम अन्तरगतको अनुदान प्रकृया देहाय बमोजिम हुनेछ :-

क) केन्द्रले प्रत्येक वर्ष राष्ट्रिय दैनिक समाचार पत्रिका, टिभी , रेडियो/ एफ. एमहरू वा अन्य माध्यमहरूद्वारा आवेदनको आह्वान गर्नु पर्नेछ ।
ख) केन्द्रले निश्चित मापदण्ड बनाई संस्थाहरू छनौट गरि छनौट गरिएका संस्थाहरूको सूची प्रकाशन गर्नु पर्नेछ ।
ङ) छनौट गरिएका संस्थाको केन्द्रले समूह तयार गरी कार्यस्थलहरूको सम्भाव्यता अध्ययन गर्नेछ र उक्त अध्ययन प्रतिवेदन अनुसार केन्द्रले परियोजना स्वीकृत गर्नु पर्नेछ ।
ज) स्वीकृत परियोजना खरिद ऐन तथा खरिद नियमावली अनुसार जडान कार्य अघि बढाइनेछ ।
झ) छनौट गरिएको कम्पनीले जडान सम्पन गरि कार्यसम्पन्न प्रतिवेदन र सम्बन्धित संस्थाको सिफारिस केन्द्रमा पेश गर्नुपर्नेछ ।
ञ) केन्द्रमा जडान सम्पन प्रतिवेदन प्राप्त भएपछि अनुदान रकम स्वीकृतका लागि पूरा गर्नुपर्ने आधार शर्त एवं कागजातहरु आदि जाँच गरी उपयुक्त देखिएमा अनुदान रकम भुक्तानी गरिनेछ तर खरिद ऐन तथा नियमावली आकर्षित नहुनेको हकमा नव्वे प्रतिशत भुक्तानी सम्बन्धित कम्पनीलाईनै गरिनेछ ।
ट) प्रणाली जडान भएको एक वर्ष पछिको छ महिना भित्र केन्द्रले स्थलगत अनुगमन गर्दा सम्बन्धित कम्पनीले विक्रि पछिको सेवा उपलब्ध गराएको, प्रणाली दुरुस्त रहेको र सेवाग्राही सन्तुष्ट रहेको पाइएमा बाँकी रहेको दश प्रतिशत अनुदान रकम भुक्तानी गरिनेछ ।

७. **कृषि सिंचाइका लागि सौर्य पम्प जडान कार्यक्रम**

७.१ **व्यक्तिगत/निजी तवर बाट सञ्चालित सौर्य सिँचाइ प्रणाली**

७.१.१ **अनुदान प्राप्त गर्नका लागि न्यूनतम योग्यता** : व्यक्तिगत/निजी तवरबाट सञ्चालित सौर्य सिँचाइ प्रणाली अन्तरगत अनुदान प्राप्त गर्न देहाय बमोजिको योग्यता पुरा भएको हुनुपर्नेछ :-

क) निवेदक कृषकले आफ्नो कृषि योग्य जमिनको लालपूर्जाको छायाँकपी बुझाउनु पर्नेछ ।

ख) प्रचलित नियम बमोजिम दर्ता भएका तथा आफ्नो वा अन्य व्यक्तिको भाडामा लिइएका कृषि योग्य जमिन भएको कम्पनी निजी तवरबाट सञ्चालित सौर्य सिचाइको लागि अनुदान प्राप्त गर्नको लगि योग्य मानिनेछ ।

ग) कुनै पनि किसिमको विद्युत प्रसारण सेवाबाट ३०० मिटर.भन्दा टाढा रहेका क्षेत्र सौर्य खानेपानी तथा सिँचाइको आयोजनाको अनुदानको लागि योग्य मानिनेछ । उक्त विषय विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदनमा प्रमाणिकरण भएको हुनु पर्नेछ ।

७.१.२ **कार्यक्रम संचालन प्रकृया** : निजी /व्यक्तिगत तवरवाट सञ्चालित सौर्य सिँचाइ प्रणालीको कार्यक्रम सञ्चालन प्रकृया देहाय बमोजिम हुनेछ :-

क) केन्द्रले निजी/व्यक्तिगत तवरबाट सञ्चालित सौर्य सिँचाइ प्रणालीको माग संकलन गर्न

राष्ट्रिय तथा क्षेत्रीय स्तरका दैनिक समाचारपत्रिका, टेलिभिजन, रेडियो मार्फत सुचना प्रकाशन गर्नेछ ।

ख) केन्द्रको वेवसाईट मार्फत आवेदकका लागी पूर्व संभाव्यता अध्ययन फारमको ढाँचा उपलब्ध गराईनेछ ।

ग) केन्द्रबाट निजी/व्यक्तिगत तवरबाट सञ्चालित सौय सिँचाई प्रणालीका लागि छनौटको आधार तयार गरिनेछ ।

घ) संकलन भएका आवेदन फारमबाट छनौटको आधारमा सौर्य सिँचाई प्रणालीका लागि योग्य आवेदक छनौट गरी सोको जानकारी चौमासिक रुपमा केन्द्रबाट प्रकाशन गरिनेछ ।

ङ) प्रकाशित सुचनामा उल्लेख भएका आयोजनाहरुको बिस्तृत सम्भाव्यता अध्ययन आवेदक स्वयंले गर्नुपर्नेछ र सोको केन्द्रले आफै/ शाखा केन्द्र /स्वतन्त्र परामर्शदाता मार्फत प्रमाणिकरण गर्नेछ साथै सो अध्ययन प्रतिवेदन मुल्याङ्कन गरी स्वीकृतीको लागी सिफारिस गर्नेछ ।

च) सौर्य ऊर्जा प्राविधिक समितिले सिफारिस गरेका आयोजनालाई केन्द्रबाट स्वीकृत गरिनेछ

छ) निजी/व्यक्तिगत तवरबाट सञ्चालित सौर्य सिचाँई प्रणालीका उपभोक्ता/निजी फर्मले केन्द्रले मान्यता दिएको कम्पनीहरूबाट मात्र खरिद तथा जडान प्रकृया गर्न सक्नेछन् ।

ज) जडानकर्ता कम्पनीले सौर्य सिचाँई प्रणाली जडान भए लगत्तै कार्य सम्पन्न प्रतिवेदन (३ प्रति) केन्द्रलाई बुझाउनु पर्नेछ ।

झ) केन्द्रले कार्य सम्पादन प्रतिवेदनको आधारमा तीस दिन भित्र अनुगमन समूह पठाई हस्तान्तरण र परीक्षण गर्नु पर्नेछ ।

ञ) अनुगमन समूहको परिक्षण तथा हस्तान्तरण प्रतिवेदनको आधारमा ९० प्रतिशत अनुदान रकम जडानकर्ता कम्पनीलाई आवेदन फारम प्राप्त भएको एक महिना भित्र दिइनेछ ।

ट) प्रणाली जडान गरेको एक वर्ष पछि केन्द्रले अनुगमन गरी प्रणालीको अवस्था र अनुगमन प्रतिवेदनको आधारमा विक्रि पछिको सेवा उपलब्ध गराउने समय सकिएको एक वर्षभित्र बाँकी दश प्रतिसत रकम फुकुवा गर्नेछ ।

**७.२ कृषक उपभोक्ता समितिद्धारा सञ्चालित प्रणाली**

**७.२.१ अनुदान प्राप्त गर्नका लागि न्यूनतम योग्यता** : कृषक उपभोक्ता समितिद्धारा सञ्चालित प्रणाली अन्तरगत अनुदान प्राप्त गर्नको लागि देहाय बमोजिमको योग्यता पुरा भएको हुनुपर्नेछ :-

क) कृषकहरुले आफ्नो कृषि योग्य जमिनको लालपूर्जाको छायाँकपी बुझाउनु पर्नेछ ।

ख) प्रचलित नियम बमोजिम दर्ता भएका कृषि सहकारी, कृषि समूह र उपभोक्ता समिति सौर्य सिचाइको अनुदानको लागि योग्य मानिनेछ ।

ग) कुनै पनि किसिमको विद्युत प्रसारण सेवाबाट ३०० मिटर भन्दा टाढा रहेका क्षेत्र सौर्य खानेपानी तथा सिँचाइको आयोजनाको अनुदानको लागि योग्य मानिनेछ । उक्त विषयको विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदनमा प्रमाणिकरण भएको हुनु पर्नेछ ।

**७.२.२ कार्यक्रम संचालन प्रकृया** : कृषक उपभोक्ता समितिद्धारा सञ्चालित प्रणाली अन्तरगतको कार्यक्रम सञ्चालन प्रकृया देहाय बमोजिम हुनेछ :-

क) केन्द्रबाट कृषक उपभोक्ता समितिद्धारा सञ्चालित सौर्य सिँचाइ प्रणालीको माग संकलन

गर्नको लागि राष्ट्रिय तथा क्षेत्रीय दैनिक समाचारपत्रिका, टेलिभिजन, रेडियो मार्फत सुचना प्रकाशन गरिनेछ ।

ख) केन्द्रको वेवसाईटमा आवेदकका लागी पूर्व संभाव्यता अध्ययन फारमको ढाँचा उपलब्ध गराईनेछ ।

ग) केन्द्रबाट कृषक उपभोक्ता समितिद्वारा सञ्चालित सौय सिँचाई प्रणालीका लागि छनौटको आधार बनाइनेछ ।

घ) संकलन भएका आवेदन फारमबाट छनौटको आधारमा सौर्य सिँचाई प्रणालीका लागि योग्य आवेदक छनौट गरी सोको जानकारी चौमासिक रुपमा केन्द्रको वेवसाईटमा प्रकाशन गरिनेछ ।

ङ) केन्द्रले छनौट गरेका आवेदकको सूची बनाई स्वतन्त्र परामर्शदाता, केन्द्र, शाखा केन्द्रको सहयोगमा जडान स्थलको विस्तृत सम्भाव्यता अध्ययन गरिनेछ ।

च) विस्तृत सम्भाव्यता अध्ययनको आधारमा उपभोक्ता समितिले आयोजनाको लागी आवश्यक पर्ने अनुदान बाहेकको रकमको व्यवस्था गरी आवश्यक कागजात संलग्न गरी केन्द्रमा पेश गर्नु पर्नेछ । विस्तृत सम्भाव्यता अध्ययनको क्रममा केन्द्र आफै वा केन्द्रले नियुक्त गरेका परामर्शदाताले उपभोक्ता समितिलाई सहजीकरण गर्नु पर्नेछ । विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन प्राप्त गरेपछि सौर्य ऊर्जा प्राविधिक समितिले सो अध्ययन प्रतिवेदन मुल्याङ्कन गरि स्वीकृतीको लागी सिफारिस केन्द्र समक्ष पेश गर्नेछ । सौर्य ऊर्जा प्राविधिक समितिले सिफारिस गरेका आयोजनालाई केन्द्रले स्वीकृत गर्नेछ ।

छ) स्वीकृत आयोजनाको खरिद प्रक्रिया खरिद ऐन तथा खरिद नियमावली बमोजिम हुनेछ । खरिद प्रक्रिया उपभोक्ता समिति/संस्था आफै वा केन्द्र मार्फत् बोलपत्र आह्वान गरी गरिनेछ ।

ज) आयोजनाको निर्माण पश्चात बिक्री/ जडानकर्ताले जडान सम्पन्न गरि कार्यसम्पन्न गरेको प्रतिवेदन (३ प्रति) केन्द्रमा बुझाउनु पर्नेछ ।

झ) प्रतिवेदनको आधारमा केन्द्रबाट दक्ष प्राविधिकबाट (केन्द वा स्वतन्त्र परामर्शदाता) प्रणालीको परीक्षण तथा हस्तान्तरण गरिनेछ ।

ञ) परीक्षण तथा हस्तान्तरण प्रतिवेदनको आधारमा केन्द्रबाट अनुदानको रकमको भुक्तानी गरिनेछ । प्रणाली जडान गरेको एक वर्ष पछि केन्द्रले अनुगमन गरी प्रणालीको अवस्था र अनुगमन प्रतिवेदनको आधारमा विक्रि पछिको सेवा उपलब्ध गराउने समय सकिएको एक वर्षभित्र बाँकी रकम फुकुवा गर्नु पर्नेछ ।

ट) सौर्य सिचाइको लागि नेपाल सरकार मार्फत सञ्चालनमा रहेको कृषि कर्जा उपलव्ध गराउदै आएका वैंकहरु मार्फत समेत कृषि कर्जा उपलब्ध गराउन आवश्यक पहल गर्न सकिनेछ ।

## ८. शिक्षाको लागि उज्यालो कार्यक्रम

८.१ **अनुदान प्राप्त गर्नका लागि न्यूनतम योग्यता** : शिक्षाको लागि उज्यालो कार्यक्रम अन्तरगत अनुदान प्राप्त गर्नको लागि देहाय बमोजिमको योग्यता पुरा भएको हुनुपर्नेछ :-

क) सार्वजनिक शैक्षिक संस्थाका कक्षा ९ वा १० मा अध्ययनरत विद्यार्थी हुनुपर्ने,

ख) राष्ट्रिय प्रसारण लाइनबाट विद्युत पुगेका तर विद्युत सेवा नियमित नभएका क्षेत्रहरुमा समेत अनुदान उपलब्ध हुनेछ । तर नेपाल विद्युत प्राधिकरणबाट विद्युत सेवा नजोडिएका क्षेत्र र निकट भविष्यमा समेत विद्युत विस्तार हुन नसक्ने क्षेत्रहरुलाई प्राथमिकता दिइनेछ ।

ग) सम्बन्धित जिल्ला शिक्षा कार्यालयको सिफारिसको साथ निवेदन दिनुपर्ने,

घ) विपन्न, दलित, सिमान्तकृत समुदायको लागि प्राथमिकता दिइने ।

८.२ **अनुदान वितरण प्रक्रिया** : शिक्षाको लागि उज्यालो कार्यक्रम अन्तरगतको अनुदान वितरण प्रकृया देहाय बमोजिम हुनेछ :-

क) केन्द्रबाट राष्ट्रिय दैनिक समाचारपत्रिका, टिभी , रेडियो⁄ एफ. एम हरू तथा सम्बन्धित जिल्ला शिक्षा कार्यालय मार्फत् आवेदन माग गरिनेछ ।

ख) केन्द्रबाट निश्चित मापदण्ड बनाई संस्थाहरू छनौट गरि छनौट गरिएका संस्थाहरूको सूची प्रकाशन गरिनेछ ।

ग) केन्द्रबाट छनौट गरिएका संस्था तथा विद्यार्थीहरूलाई स्वीकृत बजेटको सीमाभित्र रही वितरण गरिने साना सौर्य घरेलु विद्युत प्रणालीको संख्या तय गरिनेछ । केन्द्रबाट संख्या तय भए पश्चात छनौट गरिएका संस्थाहरूसँग सम्झौता गरि खरिद ऐन तथा खरिद नियमावली अनुसार केन्द्र मार्फत् खरिद प्रक्रिया अगाडि बढाइनेछ ।

घ) छनौट गरिएको कम्पनीले जडान गरी जडानसम्पन गरी कार्यसम्पन्न भएको प्रतिवेदन र सम्बन्धित संस्थाको सिफारिस केन्द्रमा पेश गर्नु पर्नेछ ।

ङ) केन्द्रमा जडान सम्पन प्रतिवेदन प्राप्त भएपछि अनुदान रकम स्वीकृतका लागि पूरा गर्नुपर्ने आधार शर्त एवं कागजातहरु आदि जाँच गरी उपयुक्त देखिएमा सम्बन्धित कम्पनीलाई अनुदान रकम भुक्तानी दिइनेछ ।

च) जडान भएको एक वर्ष पछि केन्द्रले स्थलगत अनुगमन गर्दा सम्बन्धित कम्पनीले विक्रि पछिको सेवा उपलब्ध गराएको, प्रणाली दुरुस्त रहेको र सेवाग्राही सन्तुष्ट रहेको पाइएमा विक्रि पछिको सेवा उपलब्ध गराउने समय सकिएको एक वर्षभित्र भुक्तानी दिइनेछ ।

## ९.भूकम्प प्रभावित क्षेत्रमा नवीकरणीय ऊर्जा मार्फत पूर्ननिर्माण र पुर्नस्थापना कार्यक्रम

९.१ **अनुदान प्राप्त गर्नका लागि न्यूनतम योग्यता** : भूकम्प प्रभावित क्षेत्रमा नवीकरणीय ऊर्जा मार्फत पुर्ननिर्माण र पुर्नस्थापना कार्यक्रम अन्तरगतको अनुदान प्राप्त गर्नको लागि देहाय बमोजिमको योग्यता पुरा गरेको हुनुपर्नेछ :-

क) सेवाग्राही नेपाल सरकारले वर्गीकृत गरेका जिल्लाहरुका भुकम्पबाट प्रभावित घरपरिवार तथा सार्वजनिक संस्था हुनुपर्ने,

ख) राष्ट्रिय प्रसारण लाइनबाट विद्युत पुगेका तर विद्युत सेवा नियमित नभएका क्षेत्रहरुमा समेत अनुदान उपलब्ध हुनेछ । तर नेपाल विद्युत प्राधिकरणवाट विद्युत सेवा नजोडिएका क्षेत्र र निकट भविष्यमा समेत विद्युत विस्तार हुन नसक्ने क्षेत्रहरुलाई प्राथमिकता दिइनेछ ।

ग) जैबिक ऊर्जा (दाउरा, झिग्रा तथा अन्य) मुख्य इन्धनको रुपमा प्रयोग गर्ने घरपरिवार तथा सार्वजनिक संस्थालाई प्राथमिकता दिइनेछ ।

घ) सम्बन्धित जिल्ला दैवि प्रकोप उद्धार समितिको सिफारिस संलग्न हुनुपर्ने ।

ङ) विपन्न, दलित, सिमान्तकृत समुदायको लागि प्राथमिकता दिइनेछ ।

९.२ **कार्यक्रम कार्यान्वयन प्रक्रिया** :भूकम्प प्रभावित क्षेत्रमा नवीकरणीय ऊर्जा मार्फत पुर्ननिर्माण र पूर्नस्थापना कार्यक्रम अर्न्तगत भुकम्पवाट प्रभावित घरपरिवारहरुलाई राहत स्वरुप नवीकरणीय⁄वैकल्पिक ऊर्जाका प्रविधिहरु मध्ये साना सौर्य घरेलु विद्युत प्रणाली, सजिलै सार्न मिल्ने किसिमका सुधारिएको फलामे चुलो, संस्थागत सुधारिएको चुलो उपलब्ध गराउनका लागि केन्द्रवाट खरिद ऐन तथा खरिद नियमावली अनुरुप खरिद प्रक्रिया अवलम्वन गरिनेछ ।

कार्यक्रम कार्यान्वयनका लागि केन्द्र (AEPC), राष्ट्रिय पुर्ननिर्माण प्राधिकरण र सम्बन्धित जिल्ला विकास समिति अर्न्तगतका वातावरण, ऊर्जा तथा जलवायु परिवर्तन शाखाको बीचमा सहकार्य गरिनेछ । साथै लक्षित समूहको पहिचानका लागि जिल्ला दैवीप्रकोप उद्धार समिति (DDRC) तथा राष्ट्रिय पुनर्निर्माण प्राधिकरण (NRA) का कार्यालयहरु र सम्पर्क कार्यालयसँग आवश्यक सहकार्य र समन्वय गरिनेछ । यस

कार्यक्रमको कार्यान्वयन देहाय बमोजिमको प्रक्रियाबाट हुनेछ :-

(क) **पुनर्निर्माण तथा राहत कार्यक्रमको लागि**

अ) **पहिलो चरण : पूर्व स्थापना**

| क्रियाकलाप | विवरण | जिम्मेवारी | सुचक |
|---|---|---|---|
| भूकम्प प्रभावित क्षेत्र र पीडितहरुको पहिचान गरिने । | प्रभावित जिल्लाको पहिचान Nepal Disaster Risk Reduction Portal को विवरण अनुरुप गरिनेछ । | केन्द्र | प्रभावित जिल्लाहरुको सूची |
| | प्रभावित क्षेत्रको र पिडितहरुको छनौटको लागि केन्द्र ले मापदण्ड बनाउने । | केन्द्र | मापदण्डको सूची |
| | केन्द्रको मापदण्डमा रही जिल्ला दैवीप्रकोप उद्धार समिति र राष्ट्रिय पुनर्निर्माण प्राधिकरण लाई प्रभावित स्थान र पिडितहरुको संख्या पहिचान गराउन सम्पर्क गर्ने । | केन्द्र, क्षेत्रीय सेवा केन्द्र, वातावरण, ऊर्जा तथा जलवायु परिवर्तन शाखा | अनुरोधपत्र |
| | जिल्ला दैवीप्रकोप उद्धार समिति र राष्ट्रिय पुनर्निर्माण प्राधिकरण प्रभावित क्षेत्र र राहत पाउनु पर्ने पीडितहरुको पहिचान गर्ने । | जिल्ला दैवीप्रकोप उद्धार समिति, केन्द्र, क्षेत्रीय सेवा केन्द्र, वातावरण, ऊर्जा तथा जलवायु परिवर्तन शाखा,राष्ट्रिय पुनर्निर्माण प्राधिकरण | प्रभावित क्षेत्र र पीडितहरुको सूची । |
| | प्रभावित क्षेत्र र पिडितहरुको अन्तिम सूचि तयार गर्ने र समूह (cluster) बनाउने । | केन्द्र | छनौट गरिएको क्षेत्र र पीडितहरुको वितरण समूह सहित । |

आ) **दोस्रो चरण : राहत सामग्री को प्राप्ति** : यस अन्तारगत राहत सामग्रीको खरिद खरिद ऐन/नियमावली अनुरुप हुनेछ ।

| क्रियाकलाप | विवरण | जिम्मेवारी | सुचक |
|---|---|---|---|
| राहत सामान उपलब्ध गराउने संस्थाको छनौट । | राहत प्याकेजमा दिइने प्रणालीहरुको प्राविधिक विस्तृत विवरण तयार गरिनेछ । | केन्द्र | विस्तृत प्राविधिक विवरण |
| | PPA/PPR अनुरुप बोलपत्र तयार गरी राष्ट्रिय प्रतिस्पर्धात्मक Bid आव्हान गर्ने (दैनिक समचार पत्रिकामा ३० दिने सुचना) | केन्द्र | राष्ट्रिय प्रतिस्पर्धात्मक बोलपत्र |
| | प्राविधिक र वित्तिय मूल्याङ्कनका लागि मूल्याङ्कन | केन्द्र | मूल्याङ्कन समिति गठन |

| | | | |
|---|---|---|---|
| | समितिको गठन | | |
| | Bid Evaluation गर्ने र योग्य संस्थाको छनौट गरी सम्झौता गर्ने । | केन्द्र | संस्था छनौट र सम्झौता |

**इ) तेस्रो चरण : आपूर्ति , ढुवानी र प्रणालीको जडान ।**

| क्रियाकलाप | विवरण | जिम्मेवारी | सुचक |
|---|---|---|---|
| प्रणालीको वितरण तथा जडान | छनौट गरिएको संस्थालाई बढिमा ३ महिना अवधि (९० दिन) भित्र प्रणालीको आपूर्ति, ढुवानी र जडान गर्नुपर्नेछ । | केन्द्र र छनौट भएको संस्था | प्रणालीको प्राप्ति |
| | प्रणालीको स्वीकार गर्ने फारम, स्थानीय सरकारी कार्यालयले सिफारिस गर्ने स्वरुप र अन्तिम प्रतिवेदनको स्वरुप तयार गरिनेछ । | केन्द्र | आवश्यक फारम र स्वरुप |
| | प्रणालीहरु छानिएको क्षेत्रमा पुचाई वितरण तथा जडान गरिनेछ । | छनौट भएको संस्था | उपभोक्ताले प्रणाली प्राप्त गर्ने |
| | अन्तिम प्रतिवेदन साथै सम्बन्धित गा.वि.स., जिल्ला दैवीप्रकोप उद्धार समिति, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण र उपभोक्ताबाट पिडित प्रमाणपत्र सिफारिस पत्र बुझाउनु पर्ने र फोटो र प्रणालीको विजकको प्रतिलिपि प्रतिवेदन सँगै संलग्न गर्नुपर्ने | छनौट भएको संस्था | अन्तिम प्रतिवेदन |

**ई) चौथो चरण : प्रणालीको अनुगमन :** जडान गरिएको प्रणालीको अनुगमन केन्द्रले स्वतन्त्र परामर्शदाता वा आफ्नो सञ्जाल (RSC, EECCS, DDRC, NRA ) मार्फत गर्नेछ । साना घरेलु सौर्य विद्युत प्रणाली, यताउति सार्न मिल्ने सुधारिएको फलामे चुलो हकमा जडान भएको ५ देखि १० प्रतिशत र संस्थागत सौर्य विद्युत प्रणाली, संस्थागत सुधारिएको चुलोको हकमा सत् प्रतिशत प्रणाली निम्न प्रक्रियाद्वारा अनुगमन गरिनेछ :

| क्रियाकलाप | विवरण | जिम्मेवारी | सुचक |
|---|---|---|---|
| अनुगमन | अनुगमनको लागि फारम र स्वरुप तयार गरिने । | केन्द्र | फारम र स्वरुपको ढाँचा |
| | अनुगमन तथा Sampling को लागि योजना तयार गरिने । | केन्द्र | Sample सूचि र भ्रमण योजना |

| | | | |
|---|---|---|---|
| | अनुगमन समूह क्षेत्रमा पठाइने प्रणालीको विस्तृत जानकारी संकलन गर्ने । | केन्द्र, क्षेत्रीय सेवा केन्द, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण क्षेत्रीय सेवा केन्द्र, वातावरण, ऊर्जा तथा जलवायु परिवर्तन शाखा, स्वतन्त्र परामर्शदाता | अनुगमन प्रतिवेदन |
| | अनुगमनको तथ्याङ्क सङ्कलन गरि प्रतिवेदन तयार गरिने । | केन्द्र | अन्तिम प्रतिवेदन |

छनौट गरिएको संस्थालाई भुक्तानी खरिद ऐन तथा खरिद नियमावली अनुरुप गरिनेछ ।

**(ख) पुर्नस्थापना तथा निर्माण कार्यक्रम** : यस कार्यक्रमको लागि केन्द्रको समन्वयमा सम्वन्धित जिल्लाका जिल्ला वातावरण उर्जा तथा जलवायु परिर्वतन शाखा, क्षेत्रीय सेवा केन्द्र वा परामर्शदाता मार्फत परियोजनाहरुको क्षति मूल्यांकन गराइनेछ र यसकै आधारमा लागत अनुमान तयार गरिनेछ । उक्त कार्यका लागि आवश्यक पर्ने विधि तथा मापदण्ड केन्द्र मार्फत उपलब्ध गराइनेछ । उपलब्ध विवरणका आधारमा केन्द्रले सहयोग गर्ने रकम स्वीकृत गर्नेछ । सिभिल संरचनाको हकमा सिधै उपभोक्ता समिति मार्फत सम्झौता गरि आवश्यक रकम हस्तान्तरण गर्नेछ र इलेक्ट्रो मेकानिकलको हकमा उपभोक्ता समितिले यस अगाडि निर्माण गरेको कम्पनीलाई प्राथमिकता दिई उपयुक्त कम्पनी छनोट गरि कार्य सम्पन्न गरिनेछ । उपभोक्ता समितिको सिफारिसमा सम्बन्धित कम्पनीले भुक्तानीको लागि केन्द्रमा पेश गर्नु पर्नेछ । प्राप्त प्रतिवेदनको आधारमा केन्द्रले दक्ष प्राविधिकबाट (केन्द्र वा स्वतन्त्र परामर्शदाता) प्रणालीको परीक्षण गराई रकम भुक्तानी गरिनेछ ।

**१०.सहलेश-लुम्बिनी स्वच्छ ऊर्जा कार्यक्रम**

**१०.१ सहलेश-लुम्बिनी स्वच्छ ऊर्जा कार्यक्रम लागु हुने जिल्ला** : यस कार्यक्रम देहायका जिल्लाहरुमा लागु गरिनेछ :

| सि.नं | जिल्लाको नाम |
|---|---|
| १. | सप्तरी |
| २. | सिरहा |
| ३. | धनुषा |
| ४. | महोत्तरी |
| ५. | सर्लाही |
| ६. | रौतहट |
| ७. | बारा |
| ८. | पर्सा |
| ९. | नवलपरासी |
| १०. | कपिलबस्तु |
| ११. | रुपन्देही |
| १२. | बाँके |

| | |
|---|---|
| १३. | बर्दिया |
| १४ . | कैलाली |
| १५. | कन्चनपुर |

१०.२ **कार्यक्रम सञ्चालन प्रकृया :** सहलेश- लुम्बिनी स्वच्छ ऊर्जा कार्यक्रम सञ्चालनका प्रकृयाहरु देहाय बमोजिम रहनेछ :-

क) केन्द्रको समन्वयमा संम्वन्धित जिल्लाका जिल्ला वातावरण उर्जा तथा जलवायु परिर्वतन शाखा मार्फत लक्षित घरधुरीहरुको (गरिब, विपन्न ,दलित तथा सिमान्तकृत वर्ग) पहिचान र तथ्याङ्क संकलन गरिनेछ । उक्त कार्यका लागि आवश्यक पर्ने विधि तथा मापदण्ड केन्द्र मार्फत उपलब्ध गराइनेछ ।

ख) उपलब्ध विवरणका आधारमा केन्द्रले साना घरेलु सौर्य विद्युत प्रणाली, सजिलैसँग सार्न मिल्ने सुधारिएको फलामे चुलो, घरयासी बायोग्यास तथा अन्य नवीकरणीय उर्जाका प्रविधिहरुको जडान गर्नका लागि खरिद ऐन र खरिद नियमावलीलाई आधार बनाई बोलपत्र आव्हान गरी कम्पनी छनौट गरिनेछ ।

घ) छनौट भएका कम्पनी मार्फत लक्षित घरधुरीहरुमा साना घरेलु सौर्य विद्युत प्रणाली, सजिलै सार्न मिल्ने सुधारिएको फलामे चुलो, घरयासि बायोग्यास तथा अन्य नवीकरणीय उर्जाका प्रविधिहरु जडान भएपछि जडानकर्ता कम्पनीले जडान सम्पन्न प्रतिवेदन (३ प्रति) केन्द्रमा बुझाउनु पर्नेछ ।

ङ) प्राप्त कार्यसम्पन्न प्रतिवेदनको आधारमा केन्द्रले दक्ष प्राविधिकबाट (केन्द्र वा स्वतन्त्र परामर्शदाता) प्रणालीको परीक्षण तथा हस्तान्तरण गरिनेछ ।

च) परीक्षण तथा हस्तान्तरण प्रतिवेदनको आधारमा केन्द्रबाट सम्बन्धित कम्पनीलाई रकम भुक्तानी दिइनेछ । प्रणाली जडान गरेको एक वर्ष पछि केन्द्रले अनुगमन गरी प्रणालीको अवस्था र अनुगमन प्रतिवेदनको आधारमा बाँकी रकम फुकुवा गरिनेछ ।

## ११. ऊर्जा प्रणालीको गुणस्तर तथा मापदण्ड निर्धारण

११.१ **प्राविधिक गुणस्तर :** केन्द्रबाट अनुदानमा उपलब्ध गराइने सम्पूर्ण नवीकरणीय ऊर्जा प्रणालीहरू मध्ये नवीकरणीय ऊर्जा परीक्षण केन्द्रमा परीक्षण सुविधा भएका प्रणालीहरूको हकमा नवीकरणीय ऊर्जा परीक्षण केन्द्रबाट राष्ट्रिय मापदण्ड अनुसार परीक्षण तथा प्रमाणित गरिनेछ । अन्य अवस्थामा अन्तर्राष्ट्रिय स्तरका प्राविधिक गुणस्तर प्रमाणपत्र भएको हकमा त्यस्ता कम्पनी वा सो मार्फत उत्पादित सामाग्रीको प्राविधिक स्तर र प्रमाणपत्रको प्रमाणीकरण केन्द्रबाट, नवीकरणीय ऊर्जा परीक्षण केन्द्र वा केन्द्रले तोकेको आधिकारीक निकायबाट गरिनेछ ।

११.२ **आपूर्तिको गुणस्तर :** केन्द्रलाई उर्जा प्रणाली वा प्रविधिहरुको आपूर्ति, उत्पादन, वितरण र जडान वा बिक्री पछिको सेवा लगायत अन्य कुनै पनि सेवाहरू प्रदान गर्ने कम्पनीहरूको आपूर्तिको गुणस्तर सुनिश्चित गर्न कम्पनीलाई तल दिइएको सूचकहरूको आधारमा मूल्याङ्कन गरि केन्द्रबाट मान्यता प्रदान गरिनेछ ।

- बाह्य पहुँच सञ्जाल
- मानव श्रोत
- कारोबार रकम

- विगतमा सोही क्षेत्रमा कम्तीमा तीन वर्षको अनुभव
- समग्र गुणस्तर नियन्त्रणको मापन
- कम्पनीको प्रवन्धपत्रमा सम्बन्धित क्षेत्रमा कार्य गर्ने उद्देश्य उल्लेख भएको,
- सम्वन्धित व्यवसायिक संगठनले प्रणालीको गुणस्तर प्रत्याभूतिको लागि प्रदान गरेको सिफारिश

## १२. अनुगमनको व्यवस्था:

यस कार्यक्रमहरुको अनुगमनको व्यवस्था देहाय वमोजिम हुनेछ :-

(क) घरायसी तथा साना किसिमका प्रणालीहरुको कम्तीमा दश प्रतिशत प्रणालीहरुको जडान गरेको मितिबाट एक वर्ष पश्चात् केन्द्र आफै वा स्वतन्त्र परामर्शदाता मार्फत् स्थलगत अनुगमन गरिनेछ । सामुदायिक, संस्थागत तथा व्यवसायिक प्रणालीहरुको शत प्रतिशत नै प्रणालीहरुको जडान गरेको मितिबाट एक वर्ष पछिको एक वर्ष भित्र केन्द्र आफै वा स्वतन्त्र परामर्शदाता मार्फत् स्थलगत अनुगमन गरिनेछ ।

(ख) मन्त्रालय,केन्द्र तथा अन्तर्गतका कर्मचारीहरुले नियमित एवं आवश्यकता अनुसार प्रणालीहरुको स्थलगत अनुगमन तथा निरीक्षण गरिनेछ ।

(ग) आफ्नो घर तथा व्यवसायमा जडान भइसकेको सौर्य प्रणाली, सुधारिएको चुलोमा कुनै प्राविधिक समस्या आएमा तुरुन्त सम्बन्धित जडान/वितरण गरेको कम्पनीलाई खबर गरि समस्या समाधान गर्नुपर्नेछ । सौर्य प्रणाली, सुधारिएको चुलोमा केही गुनासो भएमा यसको लागि केन्द्रबाट निशुल्क टोल फ्रि नं को व्यवस्था गरिनेछ । उक्त नम्बरमा फोन गरि आफ्नो समस्या टिपाउन सक्नेछन् । केन्द्रले सम्बन्धित कम्पनीलाई खबर गरेको बढीमा दश दिनभित्र सम्वन्धित कम्पनीले उपभोक्ताको घरमा पुगि समस्या समाधान गर्नुपर्नेछ । सो समयभित्र समस्या समाधान नगर्ने कम्पनीहरु माथि नियमानुसार कारबाही गर्न सकिनेछ र केन्द्रले कम्पनीको मान्यता समेत खारेज गर्न सक्नेछ ।

## १३.दण्ड जरिवाना सम्वन्धि व्यवस्था

यस कार्यविधि बमोजिम गरिने दण्ड जरिवाना देहाय वमोजिम हुनेछ :-

(क) परीक्षण केन्द्रबाट प्रमाणित नगरिएका वा परिक्षणमा सफल नभएका वा खराब वा कम गुणस्तरका सामान तथा उपकरणको प्रयोग भएको भन्ने प्रमाणित भएमा त्यस्तो प्रणाली जडान गर्ने कम्पनीको मान्यता समेत खारेज गर्न सकिनेछ ।

(ख) स्थलगत अनुगमन गर्दा कम्पनीले बिक्री पछिको सेवा नदिएको पाइएमा प्रति प्रणाली बराबरको अनुदान रकम क्षतिपूर्ति बापत असुल उपर गराई उपभोक्तालाई बिक्री पछिको सेवा समेत उपलब्ध गराउनु पर्नेछ ।

(ग) प्रणाली जडान नगरी अनुदान लिइएको वा मापदण्ड पूरा नगरेको प्रणाली जडान गरेको हकमा दण्ड जरिवानाको हिसाब गर्दा निम्नानुसार गरिनेछ ।

जरीवाना रकम = निश्चित समयमा भूक्तानी गरिएको अनुदान रकम * (२०० % जरीवाना* जरीवाना लाग्ने प्रणाली संख्या/जम्मा Sample)

(घ) यस कार्यविधि वमोजिम गरिने कारवाहीको प्रकृयामा सम्वन्धित व्यवसायिक संगठनले समेत सहयोग गर्नु पर्नेछ ।

## १४.सम्पन्न हुन नसकेका पुराना लघु जलविद्युत आयोजनाहरूलाई अनुदान

नीतिको अधिनमा रही प्राविधिक तथा आर्थिक समस्या भएर सम्पन्न हुन नसकेका आयोजनाहरूलाई थप अनुदान दिइनेछ ।

१४.१ **योग्यता तथा शर्तहरू :** प्राविधिक तथा आर्थिक समस्या भएर सम्पन्न हुन नसकेका आयोजनाहरूलाई दिइने थप अनुदानका योग्यता तथा शर्तहरु देहाय बमोजिम हुनेछ : -

- आर्थिक स्रोत जुटाउन नसकी तथा प्राविधिक कारणले अनुदान नीति स्वीकृत भएको मितिसम्म सम्पन्न हुन नसकेका आयोजना हुनुपर्नेछ ।
- यस अन्तर्गतको अनुदान प्राप्त गर्नको लागि शक्ति उत्पादन तथा हस्तान्तरण कार्य सम्पन्न नभएका आयोजनाहरू समेत योग्य हुनेछन् ।
- प्राकृतिक प्रकोपले क्षति गरेका आयोजनाहरू पनि अनुदानका लागि योग्य हुनेछन् ।
- उपभोक्ता समितिले गर्ने कामको लागत पुनरावलोकन गर्न सकिनेछ तर ठेकेदार कम्पनीले गर्ने काममा मूल्य पुनरावलोकन हुने छैन ।
- आयोजनाका निर्माण सामाग्रीहरु सडक मार्गबाट आयोजना स्थलसम्म लैजान नसकिने आयोजनाको हकमा केन्द्रले हवाई मार्गबाट सामाग्री ढुवानी गर्ने प्रत्याभूति गर्नु पर्नेछ ।

१४.२ **आवश्यक कागजात तथा प्रकिया :** प्राविधिक तथा आर्थिक समस्या भएर सम्पन्न हुन नसकेका आयोजनाहरूलाई दिइने थप अनुदानका लागि आवश्यक कागजातहरु तथा प्रकृया देहाय बमोजिम हुनेछ :-

- निवेदकले केन्द्र वा बाह्य पहुँच इकाईलाई औपचारिक निवेदन दिनु पर्नेछ ।
- सम्पन्न भएको कामको मूल्याङ्कन तथा बाँकी कामको लागत मूल्यको पुनरावलोकन केन्द्र, बाह्य पहुँच इकाइ, परामर्शदाताबाट गरिने छ । सो मूल्याङ्कनकर्ताले आयोजनाको सार्वजनिक लेखा परीक्षण भएको सुनिश्चितता गर्नु पर्नेछ ।
- जि.वि.स.बाट आयोजनाको सिफारिस लिनु पर्नेछ ।
- प्राविधिक मुल्यांकन समितिबाट सिफारिस लिनु पर्नेछ ।
- केन्द्रको आयोजना स्वीकृति तथा अनुगमन समितिको स्वीकृति लिनु पर्नेछ ।

१४.३ **आयोजना स्वीकृति तथा अनुगमन समिति सम्बन्धी व्यवस्था :** सम्पूर्ण प्रक्रिया पूरा गरी केन्द्र समक्ष प्राप्त भएका आयोजनालाई प्राविधिक मूल्यांकन समितिबाट स्वीकृत भए पश्चात केन्द्रले सिफारिस सहित देहाय बमोजिमको आयोजना स्वीकृति तथा अनुगमन समिति समक्ष पेश गर्नु पर्नेछ ।

(क) कार्यकारी निर्देशक, वैकल्पिक ऊर्जा प्रबर्द्धन केन्द्र - संयोजक
(ख) योजना प्रमुख, वैकल्पिक ऊर्जा प्रबर्द्धन केन्द्र - सदस्य
(ग) लेखा प्रमुख, वैकल्पिक ऊर्जा प्रबर्द्धन केन्द्र - सदस्य
(घ) लघु तथा साना जलविद्युत शाखा प्रमुख - सदस्य सचिव

१४.४ **अनुगमनको व्यवस्था :** उक्त आयोजनाहरुको अनुगमन तीन चरणमा गर्नु पर्नेछ :

(१) जिल्ला ऊर्जा तथा वातावरण इकाइ र क्षेत्रीय सेवा केन्द्र - निर्माणाधिन अवस्थामा ।
(२) केन्द्र, बाह्य पहुँच /इकाई वा तेश्रो पक्ष खटाएर - कुनै पनि चरणमा ।
(३) विद्युत उत्पादन परीक्षणको क्रममा ठेकेदार कम्पनी, केन्द्र, बाह्य पहुँच /इकाईको उपस्थितिमा ।
(४) कम्तीमा १० प्रतिशत आयोजनाहरुको - आयोजना स्वीकृति तथा मूल्यांकन समितिले ।

१४.४ **भुक्तानीको तालिका :** भुक्तानी तालिका निम्न अनुसारको हुनेछ :

| क्र.सं. | भुक्तानीका | किस्ता (प्रतिशतमा) | कैफियत |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| | चरणहरु | | |
| १ | प्रथम किस्ता | ५० प्रतिशत सम्म | केन्द्रको आयोजना स्वीकृति तथा अनुगमन समितिको स्वीकृति पश्चात |
| २ | दोस्रो तथा अन्तिम किस्ता | ५० प्रतिशत सम्म | शक्ति उत्पादन परीक्षण तथा हस्तान्तरण कार्यपछि केन्द्रको आयोजना स्वीकृति तथा अनुगमन समितिको स्वीकृति पश्चात |

केन्द्रबाट हवाई ढुवानी प्रयोग गरेको खण्डमा स्वीकृत थप अनुदान रकमबाट ढुवानी खर्च घटाइ भुक्तानी गरिनेछ ।

**१५. बायोग्यास :**

**१५.१ ठूला (संस्थागत, सामुदायिक,व्यावसायिक र नगर फोहरबाट) बायोग्यास आयोजनाहरूको विस्तृत/सम्भाव्यता अध्ययन** : ठूला बायोग्याँस आयोजनाकोको अनुदानका लागि सम्भाव्यता अध्ययन लगायतका आधारहरु देहाय बमोजिम हुनेछ :-

क) ठूला बायोग्याँस प्लान्टको सम्भाव्यता अध्ययन र विस्तृत सम्भाव्यता अध्ययनका लागि केन्द्रबाट आर्थिक सहयोग उपलब्ध गराइनेछ ।

ख) सय घन मिटर सम्मको प्लान्टको लागि सम्भाव्यता अध्ययन प्रतिवेदन तयार गर्नुपर्नेछ भने सो भन्दा ठूला प्लान्टको हकमा विस्तृत सम्भाव्यता अध्ययन अनिवार्य हुनेछ ।

ग) केन्द्रले सम्भाव्यता अध्ययन/ विस्तृत सम्भाव्यता अध्ययन कार्यको लागि आवश्यक लागत रकम परामर्शदातालाई प्रतिस्पर्धाको आधारमा उपलब्ध गराउनेछ ।

(घ) सम्भाव्यता अध्ययन/ विस्तृत सम्भाव्यता अध्ययन कार्य गर्न परामर्शदाताको छनौट कार्य निर्माणकर्ता संस्था/समुदाय आफु स्वयंले वा केन्द्र मार्फत खरिद ऐन तथा नियमावली अनुसार गर्नुपर्नेछ ।

(ङ) सम्भाव्यता अध्ययन/विस्तृत सम्भाव्यता अध्ययन गर्न केन्द्रले परामर्शदातालाई उपलब्ध गराउने अधिकतम रकम न्युनतम बोल अंकमा उल्लेख भए अनुसार हुनेछ ।

(च) केन्द्रले परामर्शदाता कम्पनी/विज्ञलाई सम्भाब्यता अध्ययन वा विस्तृत सम्भाब्यता अध्ययन कार्य गरे वापतको रकम भुक्तानी गर्दा खरिद ऐन तथा नियमावली वा सम्वन्धित विकास साझेदार संस्थासंगको सम्झौता अनुसारको निर्देशिका बमोजिम त्रिपक्षीय सम्झौतामा रकम भुक्तानी कार्यसूची तथा भुक्तानी किस्ता निर्धारण गर्नेछ ।

(छ) परामर्शदाताले अन्तिम प्रतिवेदनको साथमा सम्भाब्यता अध्ययन वा विस्तृत सम्भाव्यता अध्ययन रकम भुक्तानीको पत्र पठाई केन्द्रमा सहयोग रकमको दाबी गर्न सक्नेछन् ।

(ज) केन्द्रले रकम भुक्तानीका लागि प्राविधिक मूल्याङ्कन समितिले प्रतिवेदनको गुणस्तर चेकजाँच गरे पश्चातको मूल्याङ्कन बैठकको निर्णयलाई आधार मानी भुक्तानी गर्नेछ ।

**१५.२ अनुदान परिचालनको लागि मापदण्ड तथा अनुदान वितरण प्रक्रिया**

**१५.२.१ घरेलु तथा शहरी बायोग्याँस प्लान्ट :** यस कार्यक्रमको लागि मापदण्ड तथा अनुदान प्रकृया देहाय बमोजिम हुनेछ :-

क) २ देखि १२ घन मिटर क्षमताको बायोग्याँस प्लान्ट केन्द्रले निर्धारण गरे अनुसार कम्तीमा एक पशु भएको घरमा केन्द्रद्वारा स्वीकृत प्रविधि/मोडेल र मान्यता प्राप्त कम्पनीले जडान वा

निर्माण गरेको बायोग्याँस प्लान्टलाई मात्र अनुदान प्रदान गरिनेछ । शहरी बायोग्याँस प्लान्टको हकमा केन्द्रद्वारा स्वीकृत तथा केन्द्रको मापदण्ड तथा डिजाइन अनुरुप वा अन्य अर्न्तराष्ट्रिय रुपमा स्वीकृत भइसकेका प्रमाणित चार घन मिटर क्षमता सम्मका मोडेलहरु घरको भान्साबाट उत्पन्न हुने फोहरबाट बायोग्यास उत्पादन गर्ने प्लान्टहरु अनुदानका लागि योग्य हुनेछन् । केन्द्रद्वारा बायोग्यास प्लान्ट जडान वा निर्माण गर्न मान्यता प्राप्त कम्पनीको छनोट मापदण्डका आधारमा गरिनेछ । प्रस्तावित व्यबसायिक प्रस्ताव रकमको पाँच प्रतिशत रकम बराबर अग्रिम बैंक प्रत्याभूति वा सुरक्षण रकम केन्द्रमा पेश गर्नुपर्नेछ ।

ख) बायोग्याँस प्लान्ट निर्माण/जडानका लागि कम्पनीले निर्माण/जडान गरेको बायोग्याँस प्लान्टलाई मात्र सोही निर्माण/जडानकर्ता कम्पनी मार्फत तोकिएको अनुदान रकम उपलब्ध गराइनेछ । जडान गरिएको प्लान्टको उपकरणमा सम्बन्धित निर्माणकर्ता कम्पनीले एक वर्ष समय अवधिको प्रत्याभूति र सिभिल संरचनामा तीन वर्ष समय अवधिको प्रत्याभूति प्रदान गर्नुपर्नेछ ।

ग) निर्माणकर्ता कम्पनीले प्लान्ट जडान पश्चात् प्लान्ट निर्माण सम्पन्न प्रतिवेदनका साथमा प्लान्टका साथमा प्लन्ट धनि स्पस्टरुपमा देखिने फोटो सहित अनुदान आवेदन फाराम केन्द्र अन्तर्गत राष्ट्रिय सेवा प्रदायक संस्था समक्ष बुझाउनु पर्नेछ । यसरी पेश हुन आएका अनुदान आवेदन फाराममा आवश्यक चेक जांच गर्दा केन्द्रले राखेका शर्तहरू पूरा भएको खण्डमा राष्ट्रिय सेवा प्रदायक संस्थाले बायोग्यास डाटा बेशमा डाटा भरि सोको प्रमाणित (संस्थाको छाप लगाई) प्रति सहित अनुदान भुक्तानीको लागि केन्द्र समक्ष सिफारिस गर्नेछ । शहरी बायोग्याँस प्लान्टको हकमा जडानकर्ता कम्पनीले अनुदान आवेदन फारम सोझै केन्द्र समक्ष पेश गर्न सक्नेछन् । केन्द्र समक्ष पेश हुन आएका कागजातमा आवश्यक चेक जांच गर्दा केन्द्रले राखेका शर्तहरू पूरा भएको खण्डमा केन्द्रले अनुदान भुक्तानीको प्रकृया अगाडि वढाउनु पर्नेछ ।

घ) निर्माणकर्ता कम्पनीले उपभोक्तालाई प्लान्ट निर्माण गरी हस्तान्तरण गर्दा कुनै पनि क्षमताको बायोग्याँस प्रणालीको मूल्य केन्द्रले तोकेको आधार मूल्यभन्दा बढी हुने छैन ।

ङ) भुक्तानीको लागि सिफारिस भई आएका अनुदान आवेदन फारामहरु उपर केन्द्रले आवश्यक चेक जांच तथा मूल्याङकन गरी अनुदानका सबै आधारहरु पूरा गरेको पाएमा त्यस्ता कम्पनी मार्फत पेश हुन आएका सम्पुर्ण अनुदान आवेदन फारामहरूको शत प्रतिशत अनुदान रकम जडानकर्ता कम्पनी मार्फत् सेवाग्राहीलाई भुक्तानी दिइनेछ ।

च) प्लान्ट निर्माण सम्पन्न पश्चात जडानकर्ता कम्पनीले केन्द्रद्वारा तयार गरिएको प्राविधिक मापदण्ड तथा निर्देशिका अनुसार कम्तीमा दुई वर्षसम्म बिक्री पश्चात्को सेवा (ASS) उपलव्ध गराउनु पर्नेछ ।

छ) केन्द्र वा यसका बाह्य पहुंच केन्द्र वा केन्द्रले ताकेको संस्था वा केन्द्रद्वारा छानिएका स्वतन्त्र परामर्शदाता कम्पनीले बिक्री पश्चात्का सेवाको अनुगमन पाँच प्रतिशत नमुना संख्या (Sample) लिइएको आधारमा गरिनेछ । अग्रिम बैंक प्रत्याभूति वा सुरक्षण रकम फुकुवाको लागि केन्द्रले तेस्रो पक्षीय अनुगमन प्रतिवेदनलाई आधार मानी गरिनेछ । बिक्री पश्चातको सेवासन्तोषजनक पाइएमा अग्रिम सुरक्षा रकम वा अग्रिम बैंक ग्यारेण्टी रकम केन्द्र वा कोषले फुकुवा गर्नेछ ।

ज) जडान तथा बिक्री पश्चातको सेवा प्रदान गर्ने क्रममा जडानकर्ता कम्पनीहरूले केन्द्रले तोकेको मापदण्ड र निर्देशिका बमोजिम जडान कार्य वा सेवा प्रवाहमा अन्तर आएको खण्डमा कम्पनीहरूलाई केन्द्रले तोके बमोजिमको क्षतिपूर्ति/जरिवाना रकम असुल गर्न सक्नेछ ।

जय देव जोशी

१५.२.२ ठूला व्यावसायिक बायोग्याँस प्लान्ट

व्यावसायिक बायोग्याँस प्लान्टको हकमा प्लान्टको कुल लागतको चालिस प्रतिशत भन्दा नबढ्ने गरि अनुदान रकम प्रदान गरिनेछ। सम्भाव्यता अध्ययन वा विस्तृत सम्भाव्यता अध्ययन पुरा गरेका तर प्राविधिक मुल्याङ्गन समितिले अन्तिम स्वीकृति प्रदान नगरेका आयोजनाहरू अनुदान नीति अनुरूप अनुदानको लागि योग्य हुन सक्नेछन्। व्यावसायिक बायोग्याँस प्लान्टको अनुदान वितरणको लागि देहाय बमोजिमको प्रक्रिया अपनाउनु पर्नेछ :-

क) व्यावसायिक प्लान्ट निर्माण गर्न इच्छुक व्यावसायिक संस्था वा प्रतिष्ठान वा निर्माता (Developer) ले केन्द्रको वेबसाईट www.aepc.gov.np मा गई व्यवसाय/उद्योग दर्ता प्रमाण पत्रको छायाँ प्रति सहित आवेदन पेश गर्नुपर्नेछ।

ख) केन्द्रले प्राप्त हुन आएका आवेदनहरुको मूल्याङ्कन गरि सम्बन्धित आवेदक व्यावसायिक संस्थालाई बायोग्याँस प्लान्टको सम्भाव्यता/विस्तृत सम्भाव्यता अध्ययनका लागि केन्द्रले तयार गरेको परामर्शदाताको सूची सहित पत्राचार गरिनेछ।

ग) आवेदकले ठूला बायोग्याँस प्लान्टको सम्भाव्यता/विस्तृत सम्भाव्यताको अध्ययन केन्द्रले उपलब्ध गराएको सूचीकृत परामर्शदाता मार्फत गर्नुपर्नेछ। परामर्शदाताको छनौट गर्दा संस्थाले असल व्यावसायिक अभ्यास (Best Commercial Practice) बिधिबाट गर्नुपर्नेछ। अध्ययन सम्पन्न भईसकेपश्चात परामर्शदाताले प्रतिवेदन केन्द्रमा पेश गर्नेछ।

घ) प्राप्त सम्भाव्यता अध्ययनको प्रतिवेदन उपर सम्बन्धित प्राविधिक मुल्याङ्गन समितिले परीक्षण तथा मूल्याङ्कन गर्नेछ र समितिले सम्भाव्यता अध्ययन प्रतिवेदन स्वीकृत गरे पश्चात केन्द्रले आवेदकलाई विस्तृत सम्भाव्यता अध्ययन प्रकृयाका लागि केन्द्रद्वारा स्वीकृत विस्तृत सम्भाव्यता अध्ययन निर्देशिका सहित अनुरोध पेश गर्नेछ। विस्तृत सम्भाव्यता अध्ययन सम्पन्न भएपश्चात परामर्शदाताले प्रतिवेदन केन्द्रमा पेश गर्नु पर्नेछ र प्राविधिक मुल्याङ्गन समितिले विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदनको मुल्याङ्गन पश्चात स्वीकृत गर्नु पर्नेछ।

ङ) प्राविधिक मुल्याङ्गन समितिले विस्तृत सम्भाव्यता अध्ययनको स्वीकृत गरे पश्चात सम्बन्धित व्यावसायिक संस्थालाई निर्माण कार्यको सुरुवातका लागि अनुमतिपत्र जारी गरिनेछ। त्यस्तो अनुमति प्रदान गर्नु अघि केन्द्रले सम्बन्धित आवेदक व्यावसायिक संस्थाबाट परियोजनाको सत प्रतिशत आर्थिक स्रोतको प्रतिवद्धता माग गर्नेछ। केन्द्रद्वारा सुचिकृत ठूला बायोग्याँस निर्माण कम्पनीको सूची सहित केन्द्रले आवेदकलाई प्लान्ट निर्माण कार्य अघि बढाउन स्वीकृती सहित पत्राचार गर्नेछ। प्लान्ट निर्माताले निर्माणकर्ता कम्पनी छनोट गर्दा प्रचलित असल व्यावसायिक अभ्यास (Best Commercial Practice) बिधिबाट गर्नुपर्नेछ। प्लान्ट निर्माता (Developer), छनोट भएको निर्माण/जडानकर्ता कम्पनी र केन्द्रबीच निर्माण पूर्व त्रिपक्षीय सम्झौता गर्नुपर्नेछ। त्रिपक्षीय सम्झौता पश्चात छनोट भएको निर्माण/जडानकर्ता कम्पनीले केन्द्रले जारि गरेको निर्देशिका अनुसार निर्माण कार्य सम्पन्न गर्नुपर्नेछ।

च) निर्माण/जडानकर्ता कम्पनी वा प्लान्ट निर्माता (Developer) ले आवश्यक परेमा कुल अनुमानित अनुदान रकमको चालिस प्रतिशत अग्रिम अनुदानका लागि केन्द्रमा अनुरोध गर्न सक्नेछ, जसको लागि बैंक प्रत्याभूति आवश्यक पर्नेछ। यो अवस्थामा कम्पनीले अनुदान आवेदन फारम पेश गर्नुपर्नेछ। केन्द्र समक्ष पेश गरिएको बैंक प्रत्याभूति र अनुदान आवेदन फारमको केन्द्रको सम्बधित शाखाले मूल्याङ्कन गर्नेछ र भुक्तानिका लागि सिफारिस गर्नेछ। शाखाको सिफारिशका आधारमा केन्द्रले आवश्यक मूल्याङ्कन पश्चात बैंक ग्यारेन्टीका आधारमा चालिस प्रतिशत अग्रिम अनुदान जडानकर्ता कम्पनी वा प्लान्ट निर्माता (Developer) लाई भुक्तानी गर्नु पर्नेछ।

जय देव जोशी
मन्त्री

१५.२.३ **नगर फोहरबाट बायोग्यास उत्पादन**

नगरपालिकाबाट निस्कने जैबिक फोहरबाट निजी लगानीकर्ता मार्फत निर्माण गरिने बायोग्यास प्लान्टको लागि अनुदान उपलब्ध गराइनेछ । नगरपालिकाबाट निस्कने जैबिक फोहरबाट उत्पादन गरिने बायोग्यास प्लान्टले अनुदान प्राप्त गर्नका लागि देहाय बमोजिमको प्रकिया अपनाउनु पर्नेछ :-

क) नगर फोहरबाट बायोग्यास ऊर्जा परियोजना संचालनको लागि सम्बन्धित नगरपालिकाले केन्द्रमा आवेदन पेश गर्नुपर्नेछ ।

ख) आवेदन प्राप्त गरे पश्चात् सम्बन्धित नगरपालिका र केन्द्रबीच नगरपालिकाको फोहर प्रयोग गरी ठूला बायोग्यास प्लान्टको निर्माणद्वारा फोहरबाट ऊर्जा परियोजना संचालन गर्न समझदारी पत्रमा हस्ताक्षर गरिनेछ । समझदारीपत्रमा हस्ताक्षर गर्दा दुवै संस्थाको भूमिका र लगानीका स्रोत समेत स्पष्ट उल्लेख गरिनेछ ।

ग) केन्द्रले नगरपालिकालाई फोहोरबाट ऊर्जा उत्पादनको सम्भाव्यता अध्ययन गर्नका लागि केन्द्रले स्वीकृत गरेको कार्यविधि अनुसार योग्य परामर्शदाता मार्फत गर्न गराउन अनुरोध गर्नेछ । सम्भाव्यता अध्ययन गर्ने परामर्शदाताको छनौट नगरपालिका आफै वा केन्द्रले सार्वजनिक खरीद ऐन तथा नियमावली अनुसार गर्नु पर्नेछ ।

घ) सम्भाव्यता अध्ययन प्रतिवेदनलाई केन्द्रको प्राविधिक मुल्याङ्कन समितिले मुल्याङ्कन गरे पश्चात सम्भाव्य ठानेकोमा केन्द्रले सम्बन्धित नगरपालिकालाई परियोजना सञ्चालक/लगानिकर्ता (Private Developer) छनौटको लागि प्रक्रिया शुरु गर्न पत्राचार गर्नु पर्नेछ । परियोजना सञ्चालक छनौट गर्दा नगरपालिकाले सम्वन्धितको योग्यता, प्रदान गरिने सेवा सुविधा तथा सर्तहरु आदि निर्धारण गर्नुपर्नेछ । यस कार्यमा केन्द्रले सम्बन्धित नगरपालिकालाई प्राविधिक सहयोग उपलब्ध गराउनेछ ।

ङ) सम्बन्धित नगरपालिकाले केन्द्रद्वारा तयार पारिएको नमूना परियोजना सञ्चालक छनौट कार्यविधि वा दस्तावेज अनुसार निजी क्षेत्रबाट इच्छुक परियोजना सञ्चालकहरुबाट योग्यताका आधार सहित तोकिएको ढाँचामा इच्छापत्र पेश (Request for Qualification) का लागि आव्हान गर्नु पर्नेछ ।

च) छनौट प्रक्रियाबाट योग्य ठहरिएका परियोजना सञ्चालन गर्न इच्छुक लगानिकर्ता आवेदकहरुमध्ये सर्बोत्कृष्ठ अंक प्राप्त गर्ने आवेदकहरु मध्येबाट नगरपालिकाले विस्तृत प्रस्ताव सहित परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदनको (Request for Proposal) आह्वान गर्नेछ भने छनोट गरिएको परियोजना सञ्चालक कम्पनीले कम्पनी दर्ता प्रमाण पत्रको प्रतिलिप, प्यान/भ्याट प्रमाण पत्रको प्रतिलिपि र केन्द्रले निर्धारण गरेको आवश्यक कागजात सहित केन्द्रको वेभसाइट www.aepc.gov.np मा उपलब्ध वेब पोर्टलद्वारा अनलाईन आवेदन औपचारिक रुपमा पेश गर्नुपर्नेछ । छनोट गरिएको परियोजना सञ्चालक कम्पनीले निर्धारित समयसिमा भित्र परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन सहित विस्तृत आर्थिक प्रस्ताव तयार गरि केन्द्रमा पेश गर्नु पर्दछ । परियोजना सञ्चालकले आवश्यक ठानेमा प्रचलित उत्कृष्ठ व्यवसायीक अभ्यास (Best Commercial Practice) का आधारमा योग्य राष्ट्रिय वा अर्न्तराष्ट्रिय परामर्शदाताको छनोट गरि विस्तृत सम्भाब्यता अध्ययन कार्य सम्पन्न गर्न सक्नेछ । अनुसूची ५ अनुरुप केन्द्र र परियोजना सञ्चालक बीचको लागत साझेदारीको आधारमा केन्द्रद्वारा स्वीकृत निर्देशिका अनुसार परियोजनाको बिस्तृत सम्भाब्यता अध्ययन प्रतिवेदन तयार पार्नुपर्नेछ । केन्द्रमा प्राप्त भएको प्रस्ताव/प्रतिवेदन उपर केन्द्रको प्रविधिक मुल्याङ्कन समितिले मुल्याङ्कन पश्चात सम्भाव्य देखिएमा प्रस्तावलाई छनौट गरि प्लान्ट निर्माणका लगी अनुमति प्रदान गर्नेछ तर सो अघि परियोजना सञ्चालकले अनुदान सहित शत प्रतिशत आर्थिक स्रोत जुटेको प्रत्याभुति केन्द्रमा पेश गर्नुपर्नेछ ।

जय देव जोशी

छ) केन्द्र, नगरपालिका र छनोट गरिएको परियोजना सञ्चालक/लगानिकर्ताकबीच त्रिपक्षीय सम्झौता हुनेछ । सम्झौतामा परियोजना सञ्चालक, केन्द्र तथा नगरपालिकाको भूमिका तथा जिम्मेवारी प्रस्ट उल्लेख हुनु पर्नेछ । यसैगरी केन्द्र र नगरपालिकाको दायित्व सहित नगरपालिकाले सन्चालकलाई प्रदान गर्ने सेवा लगायतका सुविधाहरूको समेत उल्लेख हुनुपर्नेछ । संकलित फोहोर, प्लान्ट निर्माणकालागी आवश्यक जग्गा, नगर फोहर तथा फोहोर संकलन सेवाको निमित्त उपलब्ध औजार/उपकरण/साधन आदीको उपयोगका बारेमा परियोजना अवधिभर लागि सन्चालनकर्ता, केन्द्र, नगरपालिकाबीच दायित्व निर्धारण गरिनेछ ।

ज) छनोट गरिएको परियोजना सञ्चालक कम्पनी (Developer) ले आवश्यक परेमा कुल अनुमानित अनुदान रकमको ४०% अग्रिम अनुदानका लागि केन्द्र समक्ष अनुरोध गर्न सक्नेछ, जसको लागि अग्रिम बैंक प्रत्याभूति आवश्यक पर्नेछ । कम्पनी मार्फत अनुदान आवेदन फारम सहित अग्रिम अनुदान रकम माग भएमा  केन्द्रले केन्द्र समक्ष पेश गरिएको बैंक प्रत्याभूति र अनुदान आवेदन फारमको मूल्याङ्कन पश्चात् परियोजना सञ्चालक कम्पनी (Developer) लाई ४०% अग्रिम अनुदान रकम उपलब्ध गराउनेछ ।

**१५.२.४ बायोग्यास प्लान्टको परीक्षण, हस्तान्तरण, अनुदान प्रवाह, अनुगमन तथा जरिवाना संयन्त्र**

क) ठूला बायोग्यास प्लान्टको सप्पूर्ण निर्माण कार्य तथा भरण र ग्यास उत्पादन भएपछि निर्माणकर्ता कम्पनीले वा परियोजना सञ्चालकले केन्द्रलाई प्लान्टको परीक्षण तथा हस्तान्तरणको लागि अनुरोध गर्नु पर्नेछ । केन्द्रले यसरी अनुरोध प्राप्त गरेको १५ दिनभित्र केन्द्र आफै वा स्वतन्त्र निरीक्षक (फर्म वा व्यक्तिगत) मार्फत् प्लान्टको परीक्षण तथा हस्तान्तरण गराउनु पर्नेछ । जुनसुकै क्षमताका ठूला बायोग्यास प्लान्ट अनुदानका लागि योग्य ठहरिन केन्द्रले जारि गरेको निर्देशिकामा उल्लेख गरिए अनुसारको प्रत्याभूत सञ्चालन क्षमता [Guarantee Performance Requirement (GPR)] अनुसार ग्यास वा ग्यासवाट उत्पादित विद्युत् शक्ति दुवै स्वीकृत विस्तृत सम्भाव्यता अध्ययनमा उल्लेख भए अनुसार वा  केन्द्रद्वारा प्लान्ट निर्माण भन्दा अघि अन्तिम पटक उक्त क्षमतामा कुनै संशोधन स्वीकृत भएको छ भने सो क्षमता अनुसार चलेको हुनुपर्नेछ । ग्यास वा विद्युतीय शक्तिको लागि तोकिएको प्रत्याभूत सञ्चालन क्षमताको परीक्षण गर्दा  कूल क्षमताको कम्तीमा ८०% क्षमतामा ग्यास उत्पादन भएको अथवा विद्युत् शक्ति उत्पादन भएको प्लान्ट मात्र अनुदान प्रक्रियाको लागि योग्य हुनेछ । १००% भन्दा कम तर न्यूनतम प्रत्याभूत क्षमतामा चलेका प्लान्टका लागि उत्पादित ग्यास अथवा विद्युत शक्तिको आधारमा उत्पादन दरलाई उपलब्ध प्रति एकाई अनुदानका दर (Pro-rata basis) मा हिसाव गरी दिइनेछ । तर यदि प्लान्टको उत्पादन क्षमता १०० प्रतिशत भन्दा माथि भएको खण्डमा पनि १०० प्रतिशत भन्दा बढि उत्पादन अनुदानका लागि योग्य हुनेछैन । असी प्रतिशत भन्दा कम उत्पादन क्षमता हुने प्लान्टलाई प्रत्याभूत उत्पादन क्षमता भेट्नका लागी परीक्षण गराउन दोस्रो मौका प्रदान गरिनेछ । पहिलो परीक्षण पश्चात यदि प्लान्ट पैंत्तिस घन मिटर सम्मको छ भने चार महिना भित्र दोस्रो परीक्षण तथा हस्तान्तरणका केन्द्रलाई सम्बन्धित निर्माण कम्पनीले अनुरोध गर्नुपर्नेछ र ३५ घन मिटर भन्दा माथिको लागि छ महिना भित्र गर्नुपर्नेछ । परीक्षण तथा हस्तान्तरणका अन्य प्रावधान केन्द्रद्वारा  स्वीकृत परीक्षण तथा हस्तान्तरण निर्देशिका अनुसार हुनेछ ।  यसरी दोस्रो पटक परीक्षण गराउदा समेत न्युनतम प्रत्याभूत उत्पादन क्षमता नभएको प्लान्टको हकमा प्रत्येक घद्‌दो उत्पादन दरमा कूल परियोजना लागतको १ प्रतिशतका दरले तरलता क्षतिपूर्ति सम्बन्धित प्लान्ट धनि वा उपभोक्तालाई तिर्नु पर्नेछ ।

ख) परीक्षण तथा हस्तान्तरण कार्य सम्पन्न गर्ने परामर्शदाता कम्पनि वा अधिकारीले परीक्षण सम्पन्न गरेको सात दिनभित्र केन्द्रमा प्रतिवेदन पेश गर्नुपर्नेछ । प्रतिवेदनमा आधारित भएर केन्द्रले  प्राप्त अनुदान फाराम अनुसार निर्माण/जडानकर्ता कम्पनी वा प्लान्ट निर्माता (Developer) नव्वे

प्रतिशत वा सम्झौता बमोजिम धरौटी बाहेकको सम्पूर्ण अनुदान रकम भुक्तानी गर्नेछ (यदि बैंक प्रत्याभुति पेश गरि पहिलो किस्ता बापत अग्रिम चालिस प्रतिशत भुक्तानि गरिएको खण्डमा दोस्रो किस्ता बापत पचास प्रतिशत वा सम्झौता बमोजिम धरौटी बाहेकको सम्पूर्ण अनुदान रकम भुक्तानी गर्नेछ) ।

ग) सबै किसिमका बायोग्यास प्लान्टको अनुगमन, मूल्याङ्कन तथा जरिवाना केन्द्रद्वारा निर्धारित निर्देशिका अनुसार गरिनेछ । निर्माणकर्ता कम्पनीले प्लान्ट हस्तान्तरण गरेको मितिबाट एक वर्षभित्र बिक्री पछिको सेवा प्रदान गर्नेछ ।

घ) ठूला बायोग्यासका हकमा १००% अनुगमन गरिनेछ भने घरयासी बायोग्यासको हकमा पाँच प्रतिशत अनुगमन गरिनेछ । बिक्री पछिको सेवा प्रतिवेदन वा तेस्रो पक्षिय अनुगमन प्रतिवेदनमा बिक्री पछिको सेवा प्राप्त गरेको प्रत्याभति भएमा बांकी अनुदान रकम सम्बन्धित कम्पनीलाई केन्द्रले भुक्तानी गर्नेछ ।

१६. **समन्वय तथा समस्या सामाधान समिति** : यस कार्यविधि अनुसार अनुदान परिचालन गर्ने सिलसिलामा आई परेका समस्याहरुको पहिचान गरी अनुदान प्रकृया सरल,सहज एवं सुनिश्चितता बनाउन तथा सो सम्वन्धमा आवश्यक समन्वय गर्न देहाय बमोजिमको समन्वय तथा समस्या समाधान समिति रहनेछ : -

क) कार्यकारी निर्देशक, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र - संयोजक
ख) प्रतिनिधि, जनसंख्या तथा वातावरण मन्त्रालय -सदस्य
ग) प्रतिनिधी, सम्वन्धित व्यवसायिक संगठन - सदस्य
(घ) प्रमुख, सम्वन्धित प्राविधिक शाखा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द - सदस्य
(ङ) शाखा प्रमुख, योजना शाखा, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र - सदस्य सचिव

१७. **वचाऊ :** यस कार्यविधि लागु हुनुपूर्व नवीकरणीय ऊर्जा अनुदान परिचालन कार्यविधि, २०६९ र शहरी सौर्य ऊर्जा प्रणाली अनुदान तथा परिचालन निर्देशिका, २०७२ बमोजिम भए गरेका काम कारवाहीहरु एवं जडान भएका प्रणालीहरु यसै कार्यविधि अनुसार भए गरेको मानिनेछ ।

जय देव जोशी
मन्त्री